अभियान साप्ताहिक अब अनलाइन संस्करणमा पनि
www.abhiyanweekly.com.np

# अभियान

ABHIYAN WEEKLY साप्ताहिक

Devendrachudal@gmail.com

वर्ष : ४४ / अंक : १३ / २०८३ कातिक ६ गते शुक्रबार / नेपाल सम्वत ११४६ / Oct. 23, 2026 / मूल्य रू. १०/-

## जान्नेलाई छान्ने भन्नेपनि दागीकै पक्षमा ?

काठमाडौ । जान्नेलाई छन्ने भन्ने भाष्य बनाएको रास्वपा नेतृत्वको बालेन सरकारले विभिन्न १३ देशका लागि प्रस्तावित गरेका राजदूतहरु मध्येका २ जनालाई संसदीय सुनुवाई समितिले अस्वीकार गरेको छ भने एकजनालाई होल्डमा राखेको छ । संसदीय सुनुवाई समितिमा रास्वपाकै बहुमत रहेको छ । १५ सदस्यीय संसदीय सुनुवाई समितिमा रास्वपाकै सभापति सहित ८ जना सांसद सदस्य रहेका छन् ।

रास्वपाभित्र पार्टी सभापति रवि लामिछाने र प्रधानमन्त्री बालेन साहबीच मतभेद भैरहेको चर्चा चलिरहेको बेला संसदीय सुनुवाई समितिबाट प्रस्तावित राजदूत अस्वीकृत हुनुले पार्टी सभापति र प्रधानमन्त्रीबीच मतभेद बढेको भन्ने समाचारलाई पुष्टि गरेको छ । अस्वीकृत भएका प्रस्तावित राजदूत मध्येको साउदी अरवका लागि

>>> बाँकी ८ पेजमा

हामीलाई www.abhiyanweekly.com.np मा पनि पढ्न सकिन्छ ।

# प्रतिशोधको राजनीतिमा सक्रिय बालेन सरकार

## राजदूत सिफारिस अमान्यपछि सरकार संसदीय समितिप्रति रुष्ट

देवेन्द्र चुडाल



काठमाडौं । २०८२ भाद्र २३ गतेको जेनजीहरूको विरोध प्रदर्शनमा भएको प्रहरी दमनलाई देखाएर भाद्र २४ गते मुलुकभरमै विध्वसात्मक कार्य गर्नेहरूले नै २०८२ फागुन २१ गते भएको प्रतिनिधिसभाको निर्वाचनमा झण्डै दुई तिहाई मत पाएका हुनाले नै २०८२ चैत्र १३ गते रास्वपाका वरिष्ठ नेता बालेन साहको नेतृत्वमा सरकार गठन भएको थियो ।

झण्डै दुई तिहाईको मतलाई देखाएर बालेन सरकार गठन भएकै दिनदखि प्रतिशोधको राजनीति सुरूवात गरियो । सरकार गठन भएको दुई चार घण्टा नवित्दै नेकपा एमालेका अध्यक्ष तथा पूर्व प्रधानमन्त्री केपी ओली पूर्व गृहमन्त्री रमेश लेखकलाई पक्राउ गरि प्रतिशोधका राजनीति गर्न बालेन सरकार उद्दत रह्यो ।

जेनजीहरूको विरोध प्रदर्शन र भाद्र २४ गतेको विध्वसात्मक कार्यलाई पुराना दलहरूलाई तह लगाउने कार्यको सुरूवात भयो । पुराना भनिएका दलहरु नेपाली कांग्रेस, नेकपा एमाले तत्कालिन माओवादी केन्द्र हालको नेकपाका नेता तथा कार्यकर्ताहरूलाई गालीगलौज गर्दै रास्वपाका नेताहरु र भाद्र २३ र २४ गतेको घटनामा संलग्न भएकाहरु प्राय सबै रास्वपामा प्रवेश गरेर उनीहरूले पुराना दलहरूले ३५ वर्षसम्ममा केही गरेनन् भन्ने भाष्य प्रयोग गरेका हुनाले र पुराना दलहरु प्रति सरकारी संरचनाहरु र तत्कालिन सुशिला कार्की सरकार समेत पुराना दलहरु प्रति नकारात्मक भएकै कारणले मात्र रास्वपाले प्रतिनिधिसभामा झण्डै दुई तिहाई मत पाएको थियो ।

जनताले एक पटक नयाँ भनिएका दल रास्वपालाई पनि हेरौँ नत भनेर मात्र उनीहरूलाई मतदान गरेका थिए । जनताले रास्वपाका उम्मेदवारहरूलाई नदेखेका भएपनि पुराना दलहरूले गर्दा नै भाद्र २३ र २४ गतेको घटना घटको हो भन्ने अर्थमा रास्वपालाई मतदान गरेका थिए । तर रास्वपा नेतृत्वको बालेन सरकार गठन भएको सात महिना पुग्न लाग्दा समेत जनताले राहत महसुस गर्न नसकेपछि अहिले जनतामा रास्वपाप्रतिको मोह भङ्ग हुँदै गएको देखिएको छ ।

गत भाद्र १० गते रसुवामा गएको बाढी पहिरोको कारण धेरै जनता विस्थापित भएका छन् भने अबौं अर्बको

>>> बाँकी ८ पेजमा

## राष्ट्रिय हितलाई व्यक्तिगत स्वार्थ भन्दा माथि राख्नु नै साँचो अर्थमा देशभक्ति हो : पूर्वराजा

काठमाडौं । पूर्वराजा ज्ञानेन्द्र शाहले अहिले देश अस्तव्यस्त रहेको बताएका छन् । दसैंको अवसरमा शुभकामना सन्देश जारी गर्दै उनले राजनीतिक, संवैधानिक, न्यायिक, आर्थिक, सामाजिक, प्रशासनिक एवं व्यवसायिक क्षेत्र अन्योल र अलमलको अवस्थामा रहेको बताएका छन् ।

'हाम्रो राज्य प्रणालीलाई कसरी लाने, हाम्रा प्रजातान्त्रिक आधारलाई कसरी बलियो पार्ने, हाम्रो अर्थतन्त्रलाई के गरेर उकास्ने भन्ने सवाल यतिबेला किन उत्पन्न भएको छ ?,' उनले प्रश्न गरेका छन्, 'यी सबैलाई सच्याएर मिलाएर प्रजातान्त्रिक विधि प्रकृयालाई सुदृढ पार्दै विद्यमान विश्वपरिवेश र भूराजनीतिको स्थितिमा हाम्रो राष्ट्रियता तथा

>>> बाँकी ८ पेजमा

## राजदूत नियुक्ति सम्बन्धी निर्देशिका नै अधुरो ?

काठमाडौं । प्रधानमन्त्री बालेन नेतृत्वको सरकारले विभिन्न १३ देशका लागि राजदूत नियुक्तिका लागि १३ जनाको नाम संसदीय सुनुवाई समितिमा पठाएकोमा जापानका लागि प्रस्तावित राजदूत जिग्यान कुमार थापाले परिवार सहितका लागि स्थायी आवासीय परिचयपत्र लिएको भेटिएपछि बालेन सरकार धर्म संकटमा परेको छ । प्रस्तावित राजदूत थापा, उनकी श्रीमती र उनका सन्तानले पीआर लिएका विषयले गर्दा संसदीय सुनुवाई समितिले परराष्ट्र मन्त्रालयमार्फत जापान सरकारसँग त्यसको वास्तविकता के हो भन्ने माग गरेको छ ।

नेपालको संविधानको धारा २९ मा पीआर लिएकाहरूको नियुक्तिका सम्बन्धमा व्यवस्था गरिएको छ । यस संविधानमा अन्यन्त्र जुनसुकै कुरा लेखिएका भएतापनि विदेशको आवासीय अनुमपतिपत्र लिएको

>>> बाँकी ८ पेजमा

## लुम्बिनी विकास कोषको उपाध्यक्ष डोल्माको नियुक्ति रद्ध गर्न माग

काठमाडौं । राष्ट्रिय जेनजी नागरिक अभियानले लुम्बिनी विकास कोषको उपाध्यक्षमा आनि छोइङ डोल्मालाई नियुक्त गर्ने सरकारको निर्णय तत्काल रद्द गर्न माग गरेको छ ।

सरकारले गत असोज ३० गतेको मन्त्रिपरिषद् बैठकबाट संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको प्रस्तावमा डोल्मालाई कोषको उपाध्यक्षमा नियुक्त गरेको थियो ।

उक्त नियुक्तिप्रति गम्भीर ध्यानाकर्षण भएको जनाउँदै अभियानले सोमबार एक विज्ञप्तिमार्फत कानुनी अनुसन्धानको घेरामा रहेको व्यक्तिलाई पवित्र धार्मिक तथा सांस्कृतिक सम्पदाको विकास र व्यवस्थापन गर्ने निकायको नेतृत्व दिनु विधिको शासन र सुशासनको सिद्धान्तविपरीत भएको दाबी गरेको छ ।

अभियानले डोल्माको सम्पत्तिसम्बन्धी विषय २०५७ सालदेखि सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागमा विचाराधीन रहेको र नागरिकतासम्बन्धी विषयमा कपिलवस्तु जिल्ला प्रशासन कार्यालयले छानबिन गरिरहेको जनाएको छ ।

विज्ञप्तिमा २०६४ सालमा साविक चापाकोट प्रहरी चौकी क्षेत्रका स्वर्गीय कञ्चनबहादुर लामाको नक्कली छोरी बनेर नागरिकता लिएको आरोपसमेत उल्लेख गरिएको छ । कञ्चनबहादुरका छोरा प्रमाणसिंह लामा र स्थानीय बासिन्दाले जिल्ला प्रशासन कार्यालयमा

>>> बाँकी ६ पेजमा

## सरकारी कर्मचारीलाई गाडी किन्न ६0 लाख सम्म ऋण

काठमाडौँ । सरकारले कर्मचारीहरूलाई व्यक्तिगत स्वामित्वमा आधारित सवारी साधन उपलब्ध गराउने आकर्षक नीति अघि सारेको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालयले यस्तो नीतिसहित 'सरकारी कर्मचारीहरूको सवारी साधन व्यवस्थापन सम्बन्धी निर्देशिका, २०८३' को मस्यौदा तयार पारेको हो ।

मुख्यसचिवदेखि कार्यालय सहयोगी (राजपत्र अनकिंत/सहायकस्तर) सम्मका स्थायी कर्मचारीहरूले सवारी साधन खरिद गर्न सहुलियतपूर्ण ऋण पाउने छन् ।ऋणको शतप्रतिशत (१००%) ब्याज सरकारले ब्यहोर्नेछ । कर्मचारीले २० प्रतिशत रकम अग्रिम (डाउनपेमेन्ट) भुक्तानी गरी बाँकी ८० प्रतिशत साँवा रकम मात्र मासिक किस्तामा बढीमा २० वर्षभित्र चुक्ता गर्नुपर्ने व्यवस्था गरिएको छ ।

कुन तहका कर्मचारीलाई कति ऋण ?

निर्देशिकामा कर्मचारीहरूलाई ५ वर्गमा विभाजन गरी ऋण सीमा तोकिएको छः

वर्ग 'क' (मुख्यसचिव, सचिव र १२ औं तह) : चार पाङ्गे सवारी खरिदका लागि अधिकतम रू. ६० लाख ऋण ।

वर्ग 'ख' (सहसचिव वा ११ औं तह) : चार पाङ्गे सवारी खरिदका लागि अधिकतम रू. ५० लाख ऋण ।

वर्ग 'ग' (उपसचिव वा नवौं/दशौं तह) : चार पाङ्गे सवारी खरिदका लागि अधिकतम रू. ४० लाख ऋण ।

वर्ग 'घ' (शाखा अधिकृत वा छैटौं, सातौं र आठौं तह) : दुई पाङ्गे सवारी खरिदका लागि अधिकतम रू. ४ लाख

ऋण

वर्ग 'ङ' (राजपत्र अनकिंत वा सहायकस्तर) : दुई पाङ्गे सवारी खरिदका लागि अधिकतम रू. २ लाख ऋण ।

उक्त ऋण कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष वा तोकिएका बैंक तथा वित्तीय संस्थामार्फत प्रवाह गरिनेछ ।

मासिक इन्धन र मर्मत खर्च खातामै, बिल पेस गर्नु नपर्ने

निर्देशिका अनुसार यो योजनामा सहभागी

>>> बाँकी ८ पेजमा

# साल्टको सुपथ पसलमा सामान किन्नेहरूको भिड



काठमाडौं । चाडपर्वलाई लक्षित गर्दै साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडले सञ्चालनमा ल्याएको सुपथ मूल्य पसलबाट उपभोक्ताले चिनी, नुन, तेल, दाल, चामललगायत खाद्यवस्तु बजार मूल्यभन्दा सस्तोमा खरिद गर्न पाउने भएका छन् ।

साल्ट ट्रेडिङ कर्पोरेसनका प्रबन्धक प्रज्वलमान प्रधानका अनुसार नेपाल सरकारको निर्देशनअनुसार असोज १ गतेदेखि कात्तिक मसान्तसम्म सुपथ मूल्य पसल सञ्चालन गरिनेछ । उपभोक्तालाई चाडपर्वका बेला सहज र सुलभ मूल्यमा दैनिक उपभोग्य वस्तु उपलब्ध गराउने उद्देश्यले पसल सञ्चालन गरिएको उनले बताए ।

कर्पोरेसनका बिक्री कक्षमार्फत काठमाडौं, ललितपुर, भक्तपुर, बनेपा र धुलिखेललगायत स्थानमा १३ वटा बिक्री केन्द्र सञ्चालनमा छन् । यसबाहेक देशका विभिन्न २५ स्थानमा रहेका कार्यालयबाट समेत सुपथ मूल्यमा खाद्यवस्तु बिक्री भइरहेको प्रधानले जानकारी दिए ।

उनका अनुसार सुपथ मूल्य पसलमा चामल, तेल, दाल, चिनी, नुन, मरिच, मसला, चियापत्ती, चिउरा, आँटा, मैदा र पिठोलगायत सामग्री उपलब्ध छन्। सरकारले तोकेको छुटअनुसार बजारमा प्रतिकिलो १०५ रूपैयाँ पर्ने चिनी सुपथ मूल्य पसलमा १०० रूपैयाँमा बिक्री भइरहेको छ। त्यसैगरी, प्रतिकिलो २६ रूपैयाँ पर्ने नुन २४ रूपैयाँमा उपलब्ध

>>> बाँकी ८ पेजमा

## विद्यादेवी भण्डारी चीन प्रस्थान

काठमाडौं । नेकपा एमाले वरिष्ठ नेता विद्यादेवी भण्डारी चीन प्रस्थान गरेकी छन् । चीनको हपवे प्रदेशको स्योङआनमा आयोजना हुन लागेको 'ग्लोबल गभर्नेन्स् फोरम'मा सहभागी हुनका लागि उनी त्यसतर्फ प्रस्थान गरेकी हुन् ।

परिवर्तनशील विश्वमा विश्वास र सहकार्यको पुनर्निर्माण 'थिम' रहेको उक्त ग्लोबल गभर्नेन्स सम्मेलन यही अक्टोबर २३ देखि २५ सम्म आयोजना हुँदैछ । सो सम्मेलनलाई भण्डारीले विशिष्ट अतिथिका रूपमा सम्बोधन गर्नुहुने कार्यक्रम रहेको उनको सचिवालयले जनाएको छ ।

उक्त सम्मेलनअन्तर्गत अक्टोबर २४ र २५ मा विभिन्न विषयमा समानान्तर सत्र, प्यानल छलफल र गोलमेच बैठक पनि आयोजना

>>> बाँकी ८ पेजमा

# The ceasefire stalemate

**Majid Nabi Burfat**

The proposed 60-day US-Iran ceasefire memorandum has not collapsed under the weight of diplomatic friction; rather, it has entered a state of calculated suspension. Observers who view the current diplomatic deadlock as a mere breakdown in communication are misinterpreting the theater of modern conflict. In the realm of geopolitical realism, this impasse is a deliberate, structural maneuver designed by Washington to buy time. Caught within a self-inflicted domestic trap, the White House is using the facade of ongoing negotiations to delay a strategic choice it is utterly unprepared to make. The illusion of an easy "off-ramp" has dissolved, leaving an administration caught between the rigid ideological demands of its base and the unforgiving economic realities of the ground.

At the heart of the current gridlock sits Donald Trump's primary political dilemma: he is trapped by the very architecture of his own political base. The hardline Republican "Hawks"—ideologues who view any negotiated settlement with Tehran as an existential sign of American weakness—have systematically boxed the administration into a corner. After eleven months of a punishing naval blockade and relentless economic warfare, the White House finds itself in the precarious position of having absolutely nothing tangible to show the American electorate. To sign a compromise-heavy ceasefire now would be painted domestically as an outright capitulation.

This political vulnerability is compounded by an impending symbolic deadline. On July 4, 2026, the United States will celebrate its historic 250th Anniversary of American Independence. The White House is desperate to project an image of undisputed global primacy on this monumental anniversary. Celebrating two and a half centuries of American power against the backdrop of a messy, unresolved Middle Eastern quagmire—where a regional power successfully resisted Washington's maximum pressure campaign—is a political nightmare the administration will do anything to avoid.



Devoid of a viable, dignified exit strategy, Washington has resorted to a textbook campaign of coercive diplomacy. This strategy was on full display at the recently concluded Shangri-La Dialogue in Singapore, where US Secretary of Defense Pete Hegseth took the podium to deliver a highly aggressive ultimatum. Hegseth's rhetoric regarding the readiness of the "War Department" and Washington's expansive "ammunition production capacity" was not an indication of an imminent, full-scale invasion; it was a loud, theatrical bluff designed to force concession through intimidation. By projecting an absolute, unyielding willingness to escalate, the US administration hopes to buy valuable time, attempting to frighten Tehran into accepting a unilateral text that demands the complete dismantling of its nuclear program and unrestricted Western oversight of the Strait of Hormuz. It is diplomacy under the shadow of the gun, executed precisely because Washington knows its hand on the ground is far weaker than it appears.

The reality beneath this aggressive posture is a ticking economic time-bomb that threatens to trigger a devastating domestic backlash. The average American household has already absorbed a punishing $500 increase in monthly energy and living costs directly tied to the prolonged Middle East conflict. Economic forecasting warns that if this localized brinkmanship spills over into a hot, uncontained war, those household expenses will skyrocket to a devastating $2,000 per family annually. For a president whose political brand is built on economic populism and domestic revitalization, forcing the American middle class to subsidize an expensive, pointless war in the Middle East is political suicide. The public backlash would destroy the administration's domestic standing, proving that while the hawks want war, the American consumer cannot afford it.

This volatile mix of a diplomatic bluff and economic panic explains the erratic, violent events now unfolding on the water. Even as peace talks supposedly continue behind closed doors, the U.S. military has escalated its kinetic actions, recently striking a commercial cargo ship attempting to breach the naval blockade to reach Iran. This aggressive interception was met with swift, asymmetric retaliation, as regional forces launched targeted missile strikes against U.S. naval vessels in the Gulf of Oman and adjacent waters. These live-fire exchanges reveal the fundamental flaw in Washington's time-gaining strategy: when you play a high-stakes game of bluff with live ammunition, the risk of miscalculation is total.

The strategic runway for Washington's delaying tactics has effectively run out. The United States can no longer mask its strategic vulnerability behind aggressive rhetoric or theatrical military posturing. This conflict has transcended the metrics of military hardware, evolving into a severe trial of psychological and domestic endurance. As the 250th anniversary approaches, the White House faces a definitive crossroads. It can either remain a hostage to the hawkish elements of domestic politics—plunging the American middle class into a devastating $2,000 economic trap—or it can adjust to a multipolar reality, finalize a genuine ceasefire, and execute its long-delayed pivot toward the Indo-Pacific. Prolonging the stalemate is no longer an option; the bluff has been called, and the time for a hard geostrategic pivot is now.

# The global AI race and the new economic order

**Dr Muhammad Bilal Tahir**

The global technology landscape is undergoing one of the most transformative shifts since the birth of the internet. Artificial intelligence (AI), once confined largely to experimental laboratories and chatbots, is now becoming the backbone of digital infrastructure, business operations, and public services.

From massive investments in AI data centers to the emergence of autonomous software agents, the technology sector is entering a new phase-one that will redefine economies, jobs, and geopolitical influence in the coming decade. In recent days, several developments in the global tech ecosystem have highlighted the accelerating pace of innovation and competition.

Major technology companies and startups alike are racing to secure the infrastructure, talent, and capital required to lead the next digital revolution. The stakes are enormous because the winners of this race will shape not only technological progress but also economic power in the 21st century.

One of the most significant trends in the technology sector is the intensifying race over AI infrastructure. Global demand for computing power has surged as companies deploy increasingly complex machine learning models. To meet this demand, firms are investing billions in data centers, cloud networks, and semiconductor manufacturing.

For instance, Nvidia recently committed billions to an AI cloud startup, reinforcing the backbone of the AI ecosystem and expanding worldwide computing capacity. This trend marks a major shift in innovation. The focus is no longer solely on software applications or platforms but on the physical and digital infrastructure that powers AI at scale-energy-intensive data centers, specialized chips, and global cloud systems.

Controlling this infrastructure has become a strategic advantage, comparable to how energy resources shaped global geopolitics in the twentieth century. A related development is the push by technology giants to design custom AI chips.

Every day Pakistan delays, other nations pull ahead-but with decisive leadership, visionary policy, and entrepreneurial courage, Pakistan can leapfrog into the forefront of the AI revolution, turning potential into global influence and securing its place in the economy of tomorrow.

Companies like Meta are developing proprietary silicon to handle massive workloads efficiently, optimize recommendation engines, and power generative AI tools. This reflects vertical integration, where firms control every layer of the technology stack —from hardware to software to data. By owning their infrastructure, companies reduce costs, improve performance, and decrease reliance on external manufacturers. Globally, this shift may reshape the semiconductor industry and create opportunities for emerging players.

Beyond infrastructure, artificial intelligence is fundamentally transforming the nature of work. Technology leaders warn that AI could disrupt labour markets sooner than many governments anticipate. Automation powered by AI is already reshaping industries such as software development, finance, and customer service.

Software companies increasingly rely on AI tools that can write code, analyze data, and automate routine tasks. While these tools significantly boost productivity, they also raise challenging questions about employment and workforce skills.

Some firms have begun restructuring their teams to adapt, signalling a profound shift in the landscape of white-collar work. Simultaneously, venture capital continues to flow aggressively into AI startups. Robotics, cybersecurity, and AI-powered platforms are attracting record investment as investors bet on the next generation of technological breakthroughs.

Recently, an AI robotics startup secured hundreds of millions of dollars in funding, reflecting strong confidence in "embodied AI"-machines capable of interacting with the physical world. Yet, rapid AI growth also brings ethical and security concerns. Governments around the world are debating regulations on autonomous weapons, surveillance technologies, and data privacy. Policymakers face the difficult task of balancing innovation with citizen protection. For developing countries like Pakistan, the global AI race presents both opportunities and challenges. Pakistan has taken tangible steps to position itself in the digital economy. Initiatives under the Digital Pakistan Vision aim to expand high-speed internet connectivity, promote IT exports, and integrate AI and data science into education and industry. Startups in fintech, health tech, and e-commerce are leveraging AI to enhance services and reach underserved communities.

Pakistan's universities are increasingly offering specialized programs in AI, machine learning, and robotics to cultivate a skilled workforce capable of contributing to local and global technology markets. Public-private partnerships are fostering innovation hubs, incubation centers, and research programs, providing startups with mentorship, funding, and access to international markets. Yet challenges remain: limited infrastructure, slow adoption of high-end computing, and regulatory hurdles could hinder progress.

Policymakers, academia, and industry must collaborate to build robust technology ecosystems—supporting R&D, promoting entrepreneurship, investing in connectivity, and advancing digital literacy among youth. The world is entering a new industrial revolution-driven not by steam or electricity, but by data, algorithms, and intelligent machines. Countries that grasp this shift and invest wisely in technology will define the global economy. Pakistan, with sustained investment and policy support, has the potential not just to consume technology but to actively shape the AI-driven world.

The question is no longer whether artificial intelligence will transform our world. The real question is whether Pakistan will rise from the sidelines to become a hub of innovation rather than a mere consumer of technology. It is time for bold action: invest massively in AI research, forge global partnerships, empower startups with funding and infrastructure, and equip the next generation with digital and data skills.

Every day Pakistan delays, other nations pull ahead-but with decisive leadership, visionary policy, and entrepreneurial courage, Pakistan can leapfrog into the forefront of the AI revolution, turning potential into global influence and securing its place in the economy of tomorrow.

# मनै लोभ्याउने डोल्पाको दुनै बन्न सक्छ चाडपर्वको गन्तब्य

ठुलीभेरी नदीको किनारमा अवस्थित डोल्पाको सदरमुकाम दुनैमा लगातारको वर्षा र कुहिरोपछि मौसम खुलेसँगै प्राकृतिक सौन्दर्य छताछुल्ल भएको छ । हरिया डाँडापाखा, सफा आकाश, कलकल बगिरहेको ठुली भेरी नदी र टाढा देखिने हिमाली दृश्यले दुनैको आकर्षण थपिएको छ । भेरी कोरिडोर हुँदै जाजरकोटबाट डोल्पा प्रवेश गर्ने पर्यटकका लागि दुनै पहिलो प्रमुख गन्तव्य हो । जिल्लाका सरकारी कार्यालयको प्रशासनिक केन्द्रसमेत रहेको दुनैबाट फोक्सुन्डो ताल, शे-गुम्बा, धो तरापलगायतका पर्यटकीय क्षेत्रमा पुग्न सकिन्छ । आन्तरिक तथा बाह्य पर्यटक यहाँ बास बसेर आफ्नो गन्तव्यतर्फ जाने गरेका छन् ।



केही दिनदेखि लगातार परेको वर्षा र कुहिरोले ढाकिएको दुनैमा मौसम खुलेसँगै वरिपरिका हरिया पहाड र ठुली भेरी नदीको मनमोहक दृश्य देखिन थालेको छ । प्राकृतिक सौन्दर्यले पर्यटकलाई आकर्षित गर्ने गरेको स्थानीय जुना ठकुल्लाले बताइन् । 'ठुली भेरी नदीको किनारमा रहेको दुनै बजार वरिपरिका हरिया डाँडा, सफा आकाश र नदीको कलकल आवाजले यहाँ आउने जोकोहीको मन लोभ्याउँछ,' उनले भनिन् ।

वर्षाका कारण केही दिन डोल्पाको जनजीवन, सडक यातायात र पर्यटकीय गतिविधिसमेत प्रभावित भएका थिए । खराब मौसमका कारण उच्च हिमाली क्षेत्रमा पदयात्रासमेत प्रभावित भएको थियो । पर्यटकलाई मौसम र पदमार्गको अवस्था बुझेर मात्रै यात्रा गर्न आग्रह गरिएको डोल्पाकी प्रमुख जिल्ला अधिकारी जुनु हमालले बताइन् ।

मौसम खुलेसँगै दुनैको प्राकृतिक सौन्दर्य फेरि देखिन थालेको पर्यटन व्यवसायी जीतेन्द्र झाँक्रीले बताए । उनका अनुसार मौसम अनुकूल हुँदा दुनै वरिपरिका पहाड र हिमाली दृश्यले पर्यटकलाई आकर्षित गर्ने गरेका छन् । ठुली भेरी नदीको किनारमा पहाडले घेरिएको दुनै डोल्पाको प्रशासनिक केन्द्र मात्रै नभई जिल्लामा प्रवेश गर्ने पर्यटकका लागि पहिलो आकर्षणसमेत रहेको शिक्षक जयकृष्ण हमाल बताउँछन् । ठुली भेरी नगरपालिकाको केन्द्रसमेत रहेको दुनैसहित नगरपालिकामा ११ वडा छन् । नगरपालिकाको नामसमेत यही क्षेत्र हुँदै बग्ने ठुली भेरी नदीबाट राखिएको हो ।

**खुलेको मौसममा हिमाल र हरियालीको आकर्षण**

वर्षापछि खुलेको मौसमले डोल्पाका डाँडापाखा हरियालीसँगै झनै आकर्षक देखिएका छन् । सदरमुकाम दुनैबाट करिब आधा घण्टाको दूरीमा रहेको जुफाल विमानस्थल आसपासबाट मुकुटेश्वरी हिमाललगायतका हिमाली दृश्य अवलोकन गर्न सकिन्छ । हिउँले ढाकिएका हिमाल र आसपासका प्राकृतिक दृश्यले पर्यटकलाई लोभ्याउने गरेको स्थानीय शिक्षक बालकृष्ण डाँगीले बताए ।

दुनै वरिपरिको भूगोल प्राकृतिक विविधताले भरिएको छ। एकातिर ठुली भेरी नदी र अर्कोतिर अग्ला पहाडका बिचमा रहेको बजारले हिमाली भूगोल र मानव बस्तीबिचको सम्बन्धलाई समेत झल्काउँछ। मौसम खुलेपछि यहाँबाट देखिने प्राकृतिक दृश्यले डोल्पाको पर्यटकीय सम्भावनालाई थप उजागर गरेको छ ।

**सुन्दरतासँगै विपद्को जोखिम**

दुनैको प्राकृतिक सुन्दरता वर्षा याममा जोखिमसँग पनि जोडिएको छ। बजारकै छेउबाट ठुली भेरी नदी बग्ने भएकाले वर्षातका बेला नदीको बहाव बढ्दा तटीय क्षेत्रका बासिन्दा जोखिममा पर्ने गरेका छन् । भारी वर्षाका बेला नदीको सतह बढेपछि बजार आसपासका बासिन्दालाई सतर्क रहन आग्रहसमेत गरिँदै आएको छ । वर्षाका कारण सडक यातायातमा पटक-पटक अवरोध हुँदा स्थानीयको आवागमनसँगै पर्यटकको यात्रा पनि प्रभावित हुने गरेको छ । सडक नियमित नहुँदा स्थानीय उत्पादनको बजारीकरणमा समेत समस्या हुने गरेको शिक्षक डाँगी बताउँछन् । उनका अनुसार सडक तथा अन्य पूर्वाधारको विकाससँगै डोल्पाको प्राकृतिक र पर्यटकीय महत्व थप उजागर हुन सक्छ ।

**पर्यटनको प्रवेशद्वार दुनै**

दुनै डोल्पाका प्रमुख पर्यटकीय गन्तव्य पुग्ने प्रवेशद्वार हो । जिल्लामा रहेको शे-फोक्सुन्डो ताल, शे-गुम्बा, त्रिपुरासुन्दरी मन्दिर, धो तराप र जगदुल्ला ताललगायतका प्राकृतिक, धार्मिक तथा सांस्कृतिक गन्तव्यले डोल्पालाई पर्यटकीय दृष्टिले महत्वपूर्ण बनाएका छन् ।

पछिल्ला वर्षमा फोक्सुन्डो क्षेत्रमा पर्यटकको आकर्षण बढे पनि सडक, सञ्चार र अन्य आधारभूत पूर्वाधारको अभाव चुनौतीका रूपमा रहेको छ। दुर्गम भूगोल र मौसममा हुने परिवर्तनले पनि पर्यटकीय गतिविधिमा प्रभाव पार्दै आएको छ ।

मौसम खुलेसँगै दुनैमा देखिएको प्राकृतिक सौन्दर्यले डोल्पाको पर्यटन सम्भावनालाई पुनः उजागर गरेको छ । वर्षायामपछि मौसम अनुकूल हुँदै जाँदा जिल्लाका विभिन्न पर्यटकीय गन्तव्यमा पर्यटकको चहलपहल बढ्ने अपेक्षा गरिएको छ । प्राकृतिक सम्पदाको संरक्षण, पूर्वाधार विकास र सुरक्षित यात्राको व्यवस्थापन गर्न सके डोल्पाको पर्यटनले स्थानीय अर्थतन्त्रमा थप योगदान पुर्याउन सक्ने देखिन्छ ।



पढथ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

- अभियानवाणी

अभियान
साप्ताहिक

## सम्पादकीय

# गाली गलौजको राजनीति प्रधानमन्त्रीबाटै अन्त्य होस्

२०८२ भाद्र २३ गतेको जेनजीहरूको विरोध प्रदर्शन र भाद्र २४ गतेको विध्वसात्मक कार्यलाई टेकेर २०८२ फागुन २१ गते सम्पन्न भएको प्रतिनिधिसभाको निर्वाचनमा झण्डै दुई तिहाई मत पाएको रास्वपा नेतृत्वको सरकारले आफ्नो ६ महिने कार्यकाल पूरा गरेको छ। ६ महिने कार्यकालमा प्रधानमन्त्री बालेन साह नेतृत्वको एकलौटी सरकारले समेत आफैंले घोषणा गरेका कार्यहरू पूरा गर्न सकेन भने वर्षे अधिवेशनमा जम्मा १२ वटा मात्र विधेयक पारित भएका छन्। विपक्षी दलहरूले संसदमा प्रधानमन्त्री खोज्ने गरेका भएपनि प्रधानमन्त्री बालेन भने वर्षे अधिवेशनको ६ महिनाको कार्यकालमा जम्मा ६ पटक मात्र संसदमा उपस्थित भएका थिए। अधिवेशनको अन्तिम दिनसम पनि सांसदहरूले संसदमा प्रधानमन्त्रीको खोजि गरिरहेका थिए तर प्रधानमन्त्री बालेन भने प्रधानमन्त्री कार्यलयमा नै रहेर पनि संसदमा उपस्थित भएनन् त्यसैले भन्न सकिन्छ प्रधानमन्त्री बालेनले संसदलाई उपेक्षा गरेर संसदीय लोकतान्त्रिक व्यवस्थाको धज्जी उडाएका छन् भनेर।

यस पटकको वर्षे अधिवेशनबाट जम्मा १२ वटा विधेयक पारित भएका छन् ती हुन् नेपाल विशेष सेवा ऐन २०४२ को साविकको व्यवस्था जोगाउने विधेयक, राष्ट्रऋण उठाउने विधेयक, विनियोजन विधेयक, आर्थिक विधेयक, स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, सहकारी पहिलो संशोधन विधेयक, सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ) निवारण (तेस्रो संशोधन) विधेयक, सार्वजनिक खरिद दोस्रो संशोधन विधेयक, राष्ट्रिय विधि विज्ञान प्रयोगशाला सम्बन्धी विधेयक, प्रतिनिधिसभा सदस्य निर्वाचन पहिलो संशोधन विधेयक र केही नेपाल ऐन संशोधन विधेयक रहेका छन्।

यस पटकको संसदको वर्षे अधिवेशनभरी नै सांसदहले प्रधानमन्त्रीलाई संसदमा खोजि रहे। तर प्रधानमन्त्री बालेनले भने झण्डै ६ महिनाको समयमा संसदको रोष्ट्रमबाट दुई पटकमात्र सम्बोधन गरेका थिए। संसदको बैठकमा जम्मा ६ पटक उपस्थित भएका भएपनि उनले २ पटकमात्र संसदलाई सम्बोधन गरेपछि सांसदहरूले पटक पटक आफूहरूले उठाएका मुद्दाका बारेमा प्रधानमन्त्रीले जानकारी दिनुपर्ने माग गरेपनि उनले सांसदका कुराहरू समेत सुनेनन्।

अहिलेसम्मको संसदीय परपम्रा अनुसार संसदमा प्रमुख विपक्षी दलको नेता बोल्दा प्रधानमन्त्री उपस्थित भएर विपक्षी दलको नेताको कुरा सुन्ने परम्परा रहेको भएपनि यस पटक प्रधानमन्त्री बालेनले त्यसलाई उल्लघन गरेका छन्। प्रधानमन्त्री मात्र होइन यस पटकको वर्षे अधिवेशनमा मन्त्रीहरूपनि संसदमा कमै उपस्थित हुने गरेका थिए भने रास्वपाकै सांसदहरूले प्रश्न सोधिरहँदा समेत रास्वपाकै झण्डै दुई तिहाई रहेको संसदमा प्रधानमन्त्री र मन्त्रीहरूको खोजी रास्वपाकै सांसदहरूले गरिरहेका थिए।

प्रतिनिधिसभाको बजेट अधिवेशन ६२ दिनमा ६८ पटक बैठक बस्यो। प्रतिनिधिसभा र राष्ट्रियसभाको संयुक्त बैठक २ पटक बस्यो प्रधानमन्त्री बालेनले जेष्ठ १७ गते र भोटेकोशीको बाढी पहिरोको बारेमा भाद्र १७ गते संसदमो बोलेका थिए। यसरी प्रधानमन्त्रीले संसदलाई वेवास्ता गरेका हुनाले मन्त्रीहरूले समेत त्यस्तै व्यवहार गर्न थालेका हुनाले रास्वपा नेतृत्वको बालेन सरकारबाटै संसदीय व्यवस्थाको खिल्ली उडाउने कार्य भएको आरोप सरकारमाथि लागिरहँदा रास्वपा नेतृत्व भने मौन बसेको छ।

जेनजीहरूको विरोध प्रदर्शनलाई हाइज्याक गर्नेहरू नै अहिले सरकारमा रहेका र संसदमा समेत झण्डै दुई तिहाई मत रास्वपाकै भएकाले नत प्रधानमन्त्री जनताप्रति उत्तरदायी देखिएका छन् नत उनको सरकार नै। लोकतान्त्रिक व्यवस्थामा जनताले प्रश्न उठाएपछि त्यो प्रश्नको जवाफ दिनु लोकतान्त्रिक पद्दति नै हो तर बहुमतको दम्भमा रहेको बालेन सरकारले नत जनताका आवाज सुनेको छ नत लोकतान्त्रिक पद्दति अनुसार नै अघि बढेको छ। विपक्षी राजनीतिक दलहरूलाई गाली गलौज गर्ने हतियार फेसबुकलाई बनाएर फेसबुकमा स्टाटस लेख्दै विपक्षी दलका नेता र कार्यकर्ताहरूमाथि गाली गलौज गर्नुले उनको समर्थकहरू र रास्वपाका समर्थकहरूले समेत प्रधानमन्त्री बालेनकै सिको गर्न थालेका हुनाले तत्काल प्रधानमन्त्री बालेनले आफ्नो व्यवहार सुधार गर्नुपर्ने आवश्यकता हामीले ठानेका छौं। त्यसैले हामी भन्छौं गालीगलौजको राजनीति तत्काल अन्त्य हुनैपर्दछ।

# जवाफदेहिताको परीक्षामा गगन

**सुदर्शन आचार्य**

राजधानीका खुलामञ्चमा सम्पन्न नेपाली कांग्रेसको १५ औँ ऐतिहासिक महाधिवेशनले सो पार्टीको सभापतिमा ९३.८८ प्रतिशत मतसहित सभापतिमा गगनकुमार थापालाई अनुमोदन गरेको छ । सो अनुमोदनले संस्थापक सभापति देवीप्रसाद सापकोटापछिको नवौँ सभापतिका रूपमा थापालाई अनुमोदन गरेको मात्र नभई नौ महिनाअघि भृकुटीमण्डपमा सम्पन्न विशेष महाधिवेशनको नीति र नेतृत्वलाई समेत एकसाथ अनुमोदन गरेको छ ।

विशेष महाधिवेशनबाट चयन भएको गगन नेतृत्वको हिजोकै केन्द्रीय समितिलाई चुनौती दिँदै तत्कालीन सभापति शेरबहादुर देउवापक्ष एकातिर कानुनी उपचारका नाममा अदालत धाइरहेको छ भने अर्कातिर समानान्तर महाधिवेशनको उल्झन निकालेर गुट भेला गरिरहेको छ । यही समयमा सम्पन्न कांग्रेस महाधिवेशनले नेतृत्व मात्र परिवर्तन नगरी नीति र नेतृत्व बदल्ने विषयसमेत संस्थागत गर्ने काम गरेको छ ।

३७ वर्षे राजनीतिक यात्रामा पार्टी राज्यसत्तामाथि चोटिला प्रश्न गरेर राजनीतिक उचाइ हासिल गरेका कांग्रेस सभापति गगनको अब भने प्रश्नसँगै जवाफदेहिताको परीक्षा आरम्भ भएको छ । अर्कातिर तत्कालीन कांग्रेस सभापति देउवाकालीन समयमा भएको कांग्रेसको क्षयीकरण फिर्ता ल्याउने चुनौती पनि सभापति थापामाथि थपिएको छ ।

प्रधानमन्त्री बन्ने स्वाभाविक आकांक्षासहित कांग्रेस सभापतिको सानेपास्थित कुर्सीमा पुगेका सभापति थापासामु बरालिएर कांग्रेसबाट बाहिरिएका केही थान नेता (भ्रष्टबाहेक)लाई समेत समेट्दै एकीकृत पार्टी निर्माण गर्नैपर्ने दबाबसमेत उत्तिकै छ ।

सँगै आसन्न स्थानीय तथा प्रदेश निर्वाचनमा कांग्रेसले अधिकतम सिट हासिल गर्न सक्दा मात्र आगामी आमनिर्वाचनबाट कांग्रेसलाई देशकै ठुलो दल बनाएर सिंहदरबारको 'कमान्ड' सम्हाल्न सम्भव हुने हो । त्यो चुनौतीलाई आत्मसात् गर्नुपूर्व कांग्रेससँग जनतालाई र जनतासँग कांग्रेसलाई जोड्ने चुनौती झनै पहाड भएर उभिएको देखिन्छ । त्यो चुनौती पार नगरून्जेल सिंहदरबारको कमान्ड धेरै टाढा रहनेछ ।

जेन-जी विद्रोहपश्चात् कांग्रेसका देशैभरका महाधिवेशन प्रतिनिधिले विद्रोह गर्ने आँट गर्दै विशेष महाधिवेशन गरी नेतृत्व परिवर्तन गरेका थिएनन् भने कांग्रेसको आजको 'साइज'मा भारी गिरावट आउने निश्चित थियो । विद्रोहबाट सिर्जित खरानीबाट पार्टीलाई उठाएर यहाँसम्म ल्याउन गगन-विश्वलगायत नेतृत्वले जुन स्केलको चुनौती सामना गरे त्यो अदम्य नै छ । अब विशेष र १५औँ महाधिवेशनको विषय समाप्त भएको छ । हिजोको विशेष महाधिवेशनसमेतलाई १५औँ महाधिवेशनले अनुमोदन गरिसकेको छ ।

सभापति गगन नेतृत्वको अबको चुनौती भनेको आफ्नै उमेर समूहभन्दा कम उमेरका नेताको प्रश्नसँगै १५औँ महाधिवेशनमा आफैँद्वारा पेस गरिएको राजनीतिक प्रस्तावको कार्यान्वयन नै हो । हिजोको नेतृत्वले गरेका दर्जनौँ कमीकमजोरीमाथि कटाक्ष गर्दै आएका गगनलाई तिनै कमजोरी दोहोर्याउने छुट छैन ।

सभापतिमा अनुमोदन हुनुपूर्व महाधिवेशनको हलमा पेस गरिएको राजनीतिक प्रस्तावमा उल्लेख भएका नागरिक स्वतन्त्रता, कानुनी शासन, जवाफदेही राज्यजस्ता लोकतान्त्रिक राज्यव्यवस्थाका आधारहरूको जुन विस्तृत व्याख्या गरिएको छ, तिनको अक्षरशः कार्यान्वयनमा राज्यलाई दबाब दिँदै 'समुन्नत नेपाल, सम्मानित नेपाली'को परिकल्पनाभित्र उल्लेख गरिएको विषय नागरिकले सम्मानपूर्वक बाँच्न पाउनेदेखि रोजगारी, उत्पादन तथा वैध सम्पत्ति जोड्न प्रेरित गर्नेसम्मको विषयको अनुभूति गराउन कांग्रेसले अग्रसरता लिनैपर्ने दबाब अब गगनमाथि छ ।

राष्ट्रिय मुद्दामा प्रस्ट धारणा र पार्टीभित्र सधैँ विद्रोही नेताका रूपमा आफूलाई उभ्याउँदै आएका सभापति थापासामु भोलिको मुख्य चुनौती भनेकै गत फागुन २१ मा भएको निर्वाचनमा गुमाएको मतदाताको विश्वास आर्जन गर्नु हो । १५औँ महाधिवेशनको समाप्तिपश्चात् सो महाधिवेशनमा छुटेका 'चुनदेवी समूह'लाई अब धेरै दोषारोपण गर्ने ठाउँ छैन ।

उनीहरु कांग्रेसको रेलबाट छुटिसके । बाटो ठम्याउँदै भोलि कोही घर फिर्ती हुन सक्छन्, त्यो दोस्रो विषय हो । आजका मितिमा उनीहरूले ऐतिहासिक अवसर गुमाएकै हुन् । १५औँ महाधिवेशनको पूर्ण परिणाम सार्वजनिक भएसँगै 'चुनदेवी समूह'को 'फेक महाधिवेशन'मा सामेल प्रतिनिधिसभा, राष्ट्रिय सभा, प्रदेश सभा तथा स्थानीय तहका जनप्रतिनिधिबारे पनि उनीहरु स्वयंले मार्गप्रशस्त नगरे पार्टी एउटा निष्कर्षमा पुग्नैपर्छ । तब मात्र राजनीतिक दलहरूमा अनुशासन स्थापित हुने हो ।

आज राष्ट्रिय राजनीतिमा कांग्रेस चुनौतीपूर्ण अवस्थामा छ । एकाथरी कांग्रेसका कथित 'सिनियर' भनिएकाहरु सभापति थापाको उमेर र राजनीतिक फैलावटका कारण हुनुपर्छ, सभापति स्वीकार गर्न तयार नभएर 'समानान्तर महाधिवेशन' नामको जग हँसाइमा छन् । अर्कातिर सरकार दुईतिहाइको आडमा जवाफदेहिताभन्दा बारम्बार बाहिर जान खोज्दै छ ।



यी दुवै जोखिमका बिचबाट पार्टीको आकार बढाउँदै लैजानु सामान्य विषय होइन । सँगै पार्टीमा निर्वाचनका माध्यमबाट प्रवेश पाएका केन्द्रदेखि स्थानीय तहसम्मका कार्यसमितिका नेतालाई परिवर्तनसँगै विचारले सुसज्जित गर्न नसक्ने हो भने कांग्रेस पार्टी स्वयं भिडमा रूपान्तरण हुने खतरा उत्तिकै छ । जुन काम, अर्थात् नेता-कार्यकर्तालाई पर्याप्त वैचारिक प्रशिक्षणबाट प्रशिक्षित गर्ने विषय सभापति थापाबाट अपेक्षाकृत छ ।

कांग्रेस मात्र नभई नेपालका राजनीतिक दलहरूले आफ्ना नेता-कार्यकर्तालाई राजनीतिक संस्कार सिकाएनन् मात्र होइन, सिकाउनै चाहेनन् । त्यति मात्र नभई विचार र संस्कार नै नमिल्नेसँग पनि निर्वाचनअगावै गठबन्धन गरेर संस्कारको राजनीतिलाई निषेध गर्ने काम हिजोका मितिमा भयो । अब कम्तीमा अरूले नसके पनि ३५ वर्षमुनिका पुस्ता, जो केन्द्रीय समितिमा समेत प्रवेश पाउँदै छन्, उनीहरूलाई सिकाउँदे उनीहरूकै माध्यमबाट नवयुवा पुस्तासित कांग्रेस जोडिन जरूरी छ । जुन कामको अपेक्षा सभापति थापासँग देशभरका कांग्रेसजनको मात्र नभई कांग्रेसका शुभचिन्तकले समेत गरेको देखिन्छ । सभापति थापाले फरक विचार र प्रश्न गर्न नदिने जुन अठोट गरे, त्यो स्वागतयोग्य विषय हो । त्यसको अलावा आफैँद्वारा प्रस्तुत 'राष्ट्रिय पुनर्जागरण र समुन्नति' नामक राजनीतिक प्रस्तावले पार्टी रूपान्तरणको मार्गचित्र त देखाउँछ नै, त्यसको कार्यान्वयनका निम्ति भने चानचुने प्रयत्नले पार लाग्ने देखिँदैन ।

'कठिन प्रश्नहरूबाट भाग्दिनँ, कठोर निर्णयहरु गर्ने कुराबाट चुक्दिनँ' भन्ने भनाइबाट सभापति थापामा आत्मविश्वास पाइन्छ । तर, विषयको ठम्याइसँगै कार्यान्वयनका लागि भने सभापति थापासँग 'टिमस्पिरिट' मिल्न बाँकी नेतृत्व चाहिन्छ । नयाँ कांग्रेस निर्माण गर्ने संकल्प एक्लैले पार लाग्ने विषय होइन । त्यसैका निम्ति हो, टिम चाहिने ।

वास्तवमै १५औँ महाधिवेशनबाट कांग्रेसमा नयाँ अध्याय सुरू भएको छ । सत्ता र शक्तिमा आधारित नभएर मूल्य र मान्यतामा आधारित कांग्रेस निर्माण गर्ने सुखद अवसर यतिवेला सभापति थापालाई प्राप्त भएको छ । विगतमा कांग्रेसमै मतदान गरेका, तर देउवाकालीन समयमा 'जे गरे पनि हुन्छ' भन्ने मान्यता स्थापित गर्न खोजेकै कारण कांग्रेस छाडेका १० लाख मतदाता मात्रैको मन र मत कांग्रेसले फिर्ता ल्याउन सक्दा गगनको सभापतिमा सफलता त्यहीँबाट प्रारम्भ हुनेछ ।

भन्नैपर्छ, कांग्रेस भुत्ते भएको छ । पठन संस्कृति र विचार निर्माण आजका मितिसम्मको कांग्रेसको शव्दकोषमै देखिन्नँ । बाहुबलीहरु हाबी हुँदै गएका थिए, पार्टीमा । यस्तो अवस्थाको कांग्रेसमा मूल्य र मान्यताको राजनीतिक संस्कार प्रवेश गराउन सामान्य जोडबलले मात्र सम्भव नै छैन ।

कांग्रेसको हरेकस्तरको नेतृत्वदायी तहका नेताहरूमा राजनीतिक संस्कार प्रवेश नगराएसम्म कांग्रेस छाडेका १० लाख मतदाताको मन र मत फर्काउन कति सम्भव होला ? यही प्रश्नको सेरोफेरोमा जवाफ खोज्ने दायित्व गगन नेतृत्वको कांग्रेसको हो । इतिहासमै ठुलो र देखिने गरी कांग्रेसको संरचनागत परिवर्तन भएको छ ।

सहिद परिवारदेखि द्वन्द्व प्रभावित, विस्थापित तथा पेसागत हुँदै भूगोलसम्मले कांग्रेसको तहगत नेतृत्वमा प्रवेश पाएको छ । यो सुखद विषय हो । तर, भद्दा संरचनागत पद्धति बदल्न भोलिका मितिमा कांग्रेसले क्रियाशील सदस्यबाटै वडादेखि जिल्ला हुँदै केन्द्रीय नेतृत्व छनोटको बाटोमा नगई सुखै छैन । तब मात्र कार्यकर्ताले रूचाएको पार्टी नेतृत्वसँगै पार्टी निर्माण सम्भव छ ।

विरासतका नाममा राजनीति गर्ने अवसर पाएकादेखि कांग्रेस पार्टीले नै पाँच-पाँचपटक प्रधानमन्त्री बनाएका देउवासम्मको चित्तवृत्ति निकै साँघुरो देखियो । ३९ वर्षीय बालेन्द्र शाह मुलुकको प्रधानमन्त्री भइसकेको यथार्थलाई चटक्कै भुलेर उनीहरु, अर्थात् देउवाहरूले राजनीतिक रूपमा परिपक्व भइसकेका गगन-विश्वलाई केटाकेटी नै सम्झिए ।

उमेर पाको हुँदैमा राजनीतिमा सफल भइने भए एमाले नेता ओली प्रधानमन्त्री भएकै बखत न हेलिकोप्टर चढेर चार भन्ज्याङ काट्नुपर्थ्यो न त देउवाले आफ्नै घरमा दुर्व्यवहारयुक्त अपमान भोग्नु नै पर्थ्यो । दुवै पर्दैनथ्यो । त्यसको अलावा कांग्रेसका सन्दर्भमा देशैभरका महाधिवेशन प्रतिनिधिले विरासत, सत्ता तथा शक्तिमा आसक्त हुनेहरूलाई महाधिवेशनको मैदानमा खोज्दा पनि खोजेनन् । खोजे त केवल जेन-जी विद्रोहपश्चात् खरानी टकटक्याउँदै उठेका गगन-विश्वलाई ।

९३.८८ प्रतिशत महाधिवेशन प्रतिनिधिले गगन-विश्वको काँधमा निसर्त पार्टी जिम्मा लगाएका भने होइनन्, ससर्त जिम्मा लगाएका हुन् । त्यो सर्त हो- कांग्रेसबाट बिच्किएका, चिढिएका र रूष्ट भएका मतदाताको मन र मत फिर्ता ल्याउने । त्यसको अलावा पार्टीलाई वैचारिकी बनाउँदै संस्कारको राजनीतिको राजमार्गमा हिंडाउने । सँगै, राज्य सञ्चालनका सन्दर्भमा साझा परराष्ट्र नीति, विकासमा साझेदारी र सुशासनमा निर्मम प्रस्तुतिको अपेक्षा महाधिवेशन प्रतिनिधिको देखिन्छ ।

कम्तीमा आजका मितिमा गगन नेतृत्वको कांग्रेसबाट यति मात्र हुन सक्दा पनि कांग्रेसजन र उसका शुभचिन्तकहरूले देउवाकालीन समयमाझैँ शिर निहुराएर हिंड्नुपर्ने अवस्था रहन्न । अन्त्यमा गगन नेतृत्वको कांग्रेसको सिंगो केन्द्रीय समितिलाई बधाई तथा शुभकामना ! *-नयाँ पत्रिका*

# नेपालको विकास कसरी पार्ने सम्भव?

उमेशलाल श्रेष्ठ

सरकार परिवर्तन हुनु आफैँमा विकासको बाधक होइन। लोकतान्त्रिक व्यवस्थामा जनताले मतमार्फत सरकार परिवर्तन गर्न पाउँछन्। तर सरकार परिवर्तनसँगै आर्थिक नीति, विकासको प्राथमिकता र कार्यान्वयनको दिशा बारम्बार बदलिनु समस्या हो।

प्राकृतिक स्रोत, जल सम्पदा, उर्वर भूमि, पर्यटनको सम्भावना र दक्ष जनशक्ति हुँदाहुँदै नेपालले अपेक्षित आर्थिक प्रगति गर्न किन सकेन ? विकासका लागि आवश्यक स्रोतको अभाव हो कि उपलब्ध स्रोतको सदुपयोग गर्न नसकिएको हो ? कृषि, उद्योग र सेवा क्षेत्रमध्ये कुनलाई प्राथमिकता दिने र सरकारले विकासका लागि कस्तो भूमिका निर्वाह गर्ने ? यी प्रश्नको उत्तर खोजेपछि मात्रै नेपालको विकास सम्भव छ कि छैन भन्ने निष्कर्षमा पुग्न सकिन्छ।

नेपालको आर्थिक विकासको इतिहास हेर्दा उच्च आर्थिक वृद्धि हासिल गर्न सक्ने क्षमता नभएको होइन। तर, त्यस्तो वृद्धिलाई लामो अवधिसम्म दिगो राख्न सकिएको छैन। राष्ट्रिय तथ्यांक कार्यालयको आर्थिक वर्ष २०८२/८३ को प्रारम्भिक राष्ट्रिय लेखा तथ्यांकले नेपालको आर्थिक संरचनामा कृषि, उद्योग र सेवा क्षेत्रबीच सन्तुलित विकासको आवश्यकता देखाउँछ। कृषि, वन तथा मत्स्य क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा योगदान करिब २४ प्रतिशत रहे पनि आर्थिक वर्ष २०८२/८३ मा यस क्षेत्रको वृद्धिदर १.५८ प्रतिशतमा सीमित रहने प्रारम्भिक अनुमान छ। अघिल्लो वर्ष यस्तो वृद्धिदर ३.०५ प्रतिशत थियो। यसले कृषि क्षेत्रको सम्भावना र वास्तविक उत्पादनबीचको अन्तर देखिन्छ।

**कृषिमा उच्च सम्भावना, न्यून उपयोग**

नेपालको कृषि प्रणाली लामो समयदेखि आकाशे पानीमा निर्भर छ। वर्षा राम्रो हुँदा उत्पादन राम्रो हुने र कमजोर भएमा उत्पादन घट्ने अवस्था छ। सिँचाइको पर्याप्त सुविधा, आधुनिक कृषि प्रविधि र उत्पादनको सुनिश्चित बजार नहुँदा किसानले आफ्नो जमिनको पूर्ण उपयोग गर्न सकेका छैनन्।

नेपालमा पानीको अभावभन्दा पनि उपलब्ध पानीलाई उत्पादनसँग जोड्न नसक्नु ठूलो चुनौती हो। सडक निर्माणलाई जस्तै प्राथमिकता सिँचाइ पूर्वाधारलाई पनि दिनुपर्छ। नेपालको सिँचाइसम्बन्धी सरकारी विवरणले पनि खेतीयोग्य जमिनको करिब ४० प्रतिशतमा मात्रै मौसमी वा वर्षैभर सिँचाइ सुविधा पुगेको देखाउँछ। यसबाट कृषि उत्पादन बढाउने प्रमुख उपायमध्ये सिँचाइ विस्तार अत्यावश्यक रहेको देखिन्छ।

नेपालमा पानीको अभावभन्दा पनि उपलब्ध पानीलाई उत्पादनसँग जोड्न नसक्नु ठूलो चुनौती हो। सडक निर्माणलाई जस्तै प्राथमिकता सिँचाइ पूर्वाधारलाई पनि दिनुपर्छ। तराईमा मात्रै सिँचाइ विस्तार गरेर हुँदैन, पहाडी क्षेत्रमा पनि स्थानीय भूगोलअनुसारका साना तथा मझौला सिँचाइ प्रणाली विकास गर्न आवश्यक छ।

सिँचाइ विस्तारसँगै जमिनको चक्लाबन्दी अर्को महत्त्वपूर्ण विषय हो। नेपालमा धेरै किसानको जमिन साना-साना टुक्रामा विभाजित छ। यस्तो अवस्थामा आधुनिक कृषि उपकरण प्रयोग गर्न, उत्पादन लागत घटाउन र व्यावसायिक खेती गर्न कठिन हुन्छ। जग्गाको एकीकरण, सामूहिक खेती तथा उत्पादनमा आधारित कृषि समूहको विकास गर्न सकियो भने एउटै क्षेत्रमा ठूलो परिमाणमा उत्पादन सम्भव हुन्छ।

कृषि उत्पादन बढाउन सिँचाइ र जमिनको व्यवस्थापन मात्रै पर्याप्त हुँदैन। किसानलाई समयमै उन्नत बीउ, मल र आवश्यक कृषि औषधि उपलब्ध गराउनुपर्छ। प्रत्येक रोपाइँको समयमा मल अभाव हुने, बीउको उपलब्धता अनिश्चित हुने र बाली संरक्षणका साधन समयमै नपाइने समस्या दोहोरिनु उत्पादन प्रणालीको कमजोरी हो।

मल आपूर्तिमा सरकारी संयन्त्रको प्रमुख भूमिका रहँदै आएको छ। बीउ र बाली संरक्षणका सामग्रीमा निजी क्षेत्रको पनि भूमिका छ। तर यी सबैलाई एउटै उत्पादन प्रणालीको रूपमा हेरेर आपूर्ति व्यवस्थापन गर्नुपर्छ। किसानले खेती सुरू गरेपछि मात्रै समस्या समाधान गर्न खोज्नुको सट्टा रोपाइँको समय आउनुअघि नै आवश्यक सामग्रीको माग अनुमान गरेर आपूर्ति सुनिश्चित गर्न सकिन्छ।

कृषिमा उत्पादन बढेपछि त्यसलाई बजारसँग जोड्नु पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ। नेपालमा कृषि उत्पादनको सम्भावना हुँदाहुँदै ठूलो परिमाणमा खाद्यान्न र अन्य कृषि वस्तु आयात गर्नुपर्ने अवस्था छ। आर्थिक वर्ष २०८२/८३ मा नेपालको कुल वस्तु आयात २१ खर्ब रूपैयाँ नाघेको र निर्यात करिब तीन खर्ब १५ अर्ब रूपैयाँमा सीमित रहेको भन्सार विभागको तथ्यांक छ। यी सबै आयात कृषि वस्तुका मात्रै होइनन्, तर ठूलो आयात निर्भरता घटाउन स्वदेशी उत्पादन र प्रतिस्पर्धी उद्योग दुवै बलियो बनाउनुपर्ने हुन्छ।

औद्योगिकीकरणको अर्थ ठूला कारखाना खोल्नु मात्रै होइन। कृषि उत्पादन प्रशोधन गर्ने उद्योग, औषधि उत्पादन, कृषि उपकरण, खाद्य प्रशोधन, निर्माण सामग्री, विद्युतीय उपकरण र अन्य वस्तु उत्पादन गर्ने उद्योगलाई विस्तार गर्नु पनि औद्योगिकीकरण हो। नेपालको कृषि उत्पादन राम्रो भएमा बाह्य बजारमा पनि निर्यात गर्न सकिन्छ। बजारको माग, गुणस्तर, मूल्य र निर्यातसम्बन्धी मापदण्ड पूरा गर्न सकियो भने छिमेकी देशहरूमा पनि बजार खोज्न सकिन्छ। निर्यातको सम्भावनालाई वास्तविकतामा बदल्न नियमित आपूर्ति, गुणस्तर र प्रतिस्पर्धी लागत सुनिश्चित गर्नुपर्छ।

**उद्योगलाई प्राथमिकता**

कृषिपछि नेपालको विकासको अर्को प्रमुख आधार औद्योगिकीकरण हो। सेवा क्षेत्रको विस्तार आवश्यक भए पनि उद्योगको आधार कमजोर रहेको अर्थतन्त्रमा दीर्घकालीन रोजगारी र उत्पादन वृद्धि हासिल गर्न कठिन हुन्छ। सेवा क्षेत्रभित्र बैंकिङ, पर्यटन, सूचना प्रविधि, व्यापारलगायतका गतिविधि पर्छन्। यी क्षेत्रले अर्थतन्त्रमा ठूलो योगदान दिन सक्छन्। तर सेवा क्षेत्र विस्तार हुँदैमा मात्रै उत्पादनमूलक रोजगारी पर्याप्त मात्रामा सिर्जना हुन्छ भन्ने हुँदैन। विशेषगरी ठूलो संख्यामा रोजगारी आवश्यक भएको नेपालजस्तो देशमा कृषि र उद्योगको उत्पादन क्षमता बढाउनैपर्छ।

स्विट्जरल्यान्डलाई उदाहरणका रूपमा लिँदा त्यहाँ बैंकिङ र पर्यटन मात्रै होइन, औषधि उत्पादन, रासायनिक पदार्थ, उपकरण, मेसिनरी, प्रयोगशालासम्बन्धी सामग्री र अन्य उच्च प्रविधिमा आधारित उद्योगको पनि बलियो उपस्थिति छ। त्यसैले कुनै विकसित देशको सेवा क्षेत्रलाई मात्रै हेरेर त्यही मोडल नेपालमा अपनाउन सकिँदैन। त्यस देशको औद्योगिक आधार, प्रविधि, अनुसन्धान र उत्पादन क्षमतालाई पनि बुझ्नुपर्छ।

भारतले 'मेक इन इन्डिया' र चीनले उत्पादन तथा निर्यातमा आधारित औद्योगिक विस्तारलाई प्राथमिकता दिनुका पछाडि पनि स्वदेशी उत्पादन क्षमता बढाउने उद्देश्य रहेको देखिन्छ। नेपालले पनि आफ्नो आकार, बजार र उपलब्ध स्रोतअनुसार उत्पादनमूलक उद्योगलाई प्राथमिकता दिन आवश्यक छ।

औद्योगिकीकरणको अर्थ ठूला कारखाना खोल्नु मात्रै होइन। कृषि उत्पादन प्रशोधन गर्ने उद्योग, औषधि उत्पादन, कृषि उपकरण, खाद्य प्रशोधन, निर्माण सामग्री, विद्युतीय उपकरण र अन्य वस्तु उत्पादन गर्ने उद्योगलाई विस्तार गर्नु पनि औद्योगिकीकरण हो। यस्ता उद्योगले आयात प्रतिस्थापन गर्नुका साथै रोजगारी सिर्जना र निर्यात विस्तारमा योगदान दिन सक्छन्।

औषधि उद्योगको उदाहरणले पनि यो विषय बुझ्न सकिन्छ। औषधि उत्पादनका लागि लगानी, प्राविधिक जनशक्ति, गुणस्तर नियन्त्रण, अनुसन्धान, कच्चा पदार्थ र नियामकीय स्पष्टता आवश्यक हुन्छ। उद्योग स्थापना गरेपछि मात्रै पुग्दैन। त्यसलाई दीर्घकालसम्म सञ्चालन गर्न सकिने वातावरण पनि चाहिन्छ। स्वदेशी उत्पादनलाई प्रतिस्पर्धी बनाउन सके स्वास्थ्य क्षेत्रमा आपूर्ति सुनिश्चित गर्न र केही आयात घटाउन मद्दत पुग्न सक्छ। तर त्यसका लागि गुणस्तर र औषधि सुरक्षामा कुनै सम्झौता हुनु हुँदैन। नेपालमा उद्योग सञ्चालन गर्न जग्गा प्राप्ति, पूर्वाधार, प्रशासनिक प्रक्रिया र नीतिगत अनिश्चितता प्रमुख चुनौतीका रूपमा देखिन्छन्। कुनै उद्योगले दुर्गम स्थानमा जग्गा लिएर उत्पादन सुरू गरेपछि वरिपरि अनियन्त्रित बस्ती विस्तार हुन थाल्यो भने उद्योग सञ्चालनमै समस्या आउन सक्छ। त्यसैले उद्योगका लागि व्यवस्थित क्षेत्र, आवश्यक पूर्वाधार र दीर्घकालीन भूउपयोग योजना चाहिन्छ।

जग्गाको उपलब्धता, भाडादर, विद्युत्, सडक, पानी, ढल व्यवस्थापन र प्रशासनिक सेवाको गुणस्तरमा सुधार आवश्यक छ। औद्योगिक क्षेत्रलाई केवल जग्गा उपलब्ध गराउने संरचना नभई उत्पादन र निर्यातको केन्द्रका रूपमा विकास गर्नुपर्छ।

**राजनीतिक स्थिरता मात्रै अपर्याप्त**

नेपालको विकास अपेक्षित गतिमा अघि बढ्न नसक्नुको अर्को कारण राजनीतिक अस्थिरता हो। सरकार परिवर्तन हुँदा नीति र प्राथमिकता बदलिने, नयाँ योजनाले पुराना योजनालाई निरन्तरता नदिने र दीर्घकालीन परियोजना राजनीतिक प्रतिस्पर्धाको विषय बन्ने समस्या रहँदै आएको छ।

पछिल्लो ३५ वर्षमा नेपालमा सरकार परिवर्तन बारम्बार भयो। त्यस अवधिमा नेपालले २७ जना प्रधानमन्त्री पाइसकेको थियो र कुनै पनि प्रधानमन्त्रीले पूर्ण पाँचवर्षे कार्यकाल पूरा गर्न सकेका थिएनन्। सरकार परिवर्तन हुनु आफैँमा विकासको बाधक होइन। लोकतान्त्रिक व्यवस्थामा जनताले सरकार परिवर्तन गर्न पाउँछन्। तर सरकार परिवर्तनसँगै आर्थिक नीति, विकासको प्राथमिकता र कार्यान्वयनको दिशा बारम्बार बदलिनु भने समस्या हो। उद्योगीले लगानी गर्ने निर्णय गर्दा आगामी पाँच वा दस वर्षको नीतिगत वातावरण कस्तो हुन्छ भन्ने अनुमान गर्न सक्नुपर्छ।

उद्योग स्थापना गर्न ठूलो पुँजी, प्रविधि र जनशक्तिमा लगानी गर्नुपर्छ। लगानीको प्रतिफल तत्काल प्राप्त हुँदैन। तर सरकारले केही महिनामै नीति परिवर्तन गरिदिने वा नयाँ प्रशासनिक निर्णयले पुरानो लगानीको लागत बढाइदिने अवस्था आयो भने निजी क्षेत्रको विश्वास कमजोर हुन्छ।

त्यसैले राजनीतिक स्थिरताको अर्थ सरकार लामो समयसम्म टिक्नु मात्रै होइन। स्थिर र विश्वसनीय आर्थिक नीति निर्माण गर्नु पनि हो। सरकार परिवर्तन भए पनि राष्ट्रिय प्राथमिकताका परियोजना, औद्योगिक नीति र निर्यात प्रवर्द्धनका कार्यक्रम निरन्तर चल्ने व्यवस्था आवश्यक छ।

**बदलिनुपर्छ स्थायी सरकारको सोच**

राजनीतिक नेतृत्व परिवर्तन भइरहँदा पनि कर्मचारीतन्त्रलाई स्थायी सरकार मानिन्छ। तर, स्थायी सरकारको काम नियम कार्यान्वयन गर्नु मात्रै होइन, सार्वजनिक सेवा प्रभावकारी बनाउनु र विकासका लागि आवश्यक सहजीकरण गर्नु पनि हो।

नीति राम्रो भए पनि त्यसको कार्यान्वयन गर्ने संयन्त्र प्रभावकारी भएन भने परिणाम आउँदैन। उद्योगीले कुनै अनुमति लिन, नियम बुझ्न वा प्रशासनिक समस्या समाधान गर्न महिनौँ खर्च गर्नुपर्ने अवस्था छ भने त्यसले लगानीको लागत बढाउँछ। एउटै विषयमा विभिन्न निकायबाट फरक व्याख्या आउने वा कर्मचारीको निर्णयमा अत्यधिक तजबिजी अधिकार रहने अवस्थाले पनि अन्योल सिर्जना गर्छ।

कानुन र प्रशासनिक निर्णय तथ्यमा आधारित हुनुपर्छ। स्पष्ट मापदण्ड पूरा भएको अवस्थामा निर्णय गर्न सकिने र अस्वीकार गर्नुपर्ने अवस्थामा त्यसको कारण स्पष्ट रूपमा दिनुपर्ने व्यवस्था आवश्यक छ। कर्मचारीको व्यक्तिगत विवेक वा पहुँचका आधारमा समान प्रकृतिका व्यवसायलाई फरक व्यवहार गर्ने अवस्था अन्त्य गर्नुपर्छ।

लोकसेवा परीक्षा उत्तीर्ण गर्नु वा कानुनको ज्ञान हासिल गर्नु मात्रै पर्याप्त हुँदैन। राष्ट्रसेवकले नागरिक र अर्थतन्त्रप्रति जिम्मेवार हुनुपर्छ। कर्मचारीलाई जिम्मेवारीसँगै आवश्यक स्रोत, प्रविधि र काम गर्ने वातावरण दिनुपर्छ। राम्रो कामको मूल्यांकन गर्ने र जानाजानी ढिलासुस्ती वा अनियमितता गर्ने व्यक्तिलाई जवाफदेही बनाउने प्रणाली आवश्यक छ।

**नियमनभन्दा सहजीकरण**

कानुनको उद्देश्य नियमन गर्नु हो, तर नियमनका नाममा उत्पादन र लगानी नै निरूत्साहित हुने अवस्था आउनु हुँदैन। औषधि क्षेत्रजस्तो संवेदनशील क्षेत्रमा त यो सन्तुलन झनै महत्त्वपूर्ण हुन्छ। औषधिको गुणस्तर, प्रभावकारिता र सुरक्षाका लागि कडा मापदण्ड आवश्यक छ। तर नयाँ व्यवस्था लागु गर्दा त्यसको वैज्ञानिक आधार, सम्भावित असर र कार्यान्वयनको तयारीबारे पनि स्पष्टता हुनुपर्छ।

कुनै निर्णयले उद्योगको उत्पादन प्रक्रिया, बजारमा औषधिको उपलब्धता वा बिरामीको उपचारमा प्रभाव पार्न सक्छ भने निर्णयअघि त्यसको प्रभाव मूल्यांकन गर्नुपर्छ। आवश्यक सुधारलाई अस्वीकार गर्नु हुँदैन, तर सुधारका नाममा अचानक अन्योल सिर्जना गर्नु उचित हुँदैन।

सरकारले पूर्वाधार, कानुनी व्यवस्था, नियमन र सार्वजनिक सेवाको जिम्मेवारी निर्वाह गर्नुपर्छ भने निजी क्षेत्रले उत्पादन, लगानी, रोजगारी र बजार विस्तारमा योगदान दिन सक्छ। निजी क्षेत्रले नाफा कमाउन खोज्नु स्वाभाविक हो। नाफा कमाउने उद्देश्य र राष्ट्रिय विकास एकअर्काका विरोधी होइनन्। उत्पादन बढाउने, गुणस्तरीय वस्तु बनाउने, रोजगारी सिर्जना गर्ने र निर्यात गर्ने व्यवसायले आफ्नो आर्थिक लाभसँगै अर्थतन्त्रमा पनि योगदान पुऱ्याउँछ।

त्यसैले सरकार र निजी क्षेत्रबीच विश्वासको सम्बन्ध आवश्यक छ। सरकारलाई व्यवसायीले कानुन पालना गरून्, कर तिरून् र उपभोक्ताको हितको रक्षा गरून् भन्ने अपेक्षा राख्ने अधिकार छ। त्यस्तै, निजी क्षेत्रलाई पनि स्पष्ट नीति, निष्पक्ष नियमन र काम गर्न सकिने वातावरण माग्ने अधिकार छ।

निजी क्षेत्रसँग सहकार्य गर्नु भनेको व्यवसायीले भनेका सबै कुरा स्विकार्नु होइन। सरकारले उपभोक्ता संरक्षण, वातावरणीय मापदण्ड, श्रमिकको अधिकार, प्रतिस्पर्धा र करसम्बन्धी नियम कार्यान्वयन गर्नैपर्छ। तर निर्णय गर्दा निजी क्षेत्रलाई समस्याको स्रोतका रूपमा मात्रै हेर्ने सोचबाट बाहिर निस्कनुपर्छ।

विकासका लक्ष्य निर्धारण गर्दा पनि यही सहकार्य आवश्यक छ। कुन उद्योगको उत्पादन कति बढाउने, कुन वस्तुको आयात घटाउने, कुन उत्पादन निर्यात गर्ने र कति रोजगारी सिर्जना गर्ने भन्ने विषयमा सरकार र निजी क्षेत्रबीच लक्ष्य निर्धारण गर्न सकिन्छ। लक्ष्य हासिल गर्न आवश्यक नीति, बजेट र कार्यान्वयन संयन्त्र तयार गर्नुपर्छ।

**घोषित सुविधाको कार्यान्वयन**

उद्योग प्रवर्द्धनका लागि कर छुट र अन्य सुविधा आवश्यक हुन सक्छन्। तर विकासशील अर्थतन्त्रमा सरकारले दिने सुविधा कति प्रभावकारी भयो भन्ने प्रश्न महत्त्वपूर्ण हुन्छ। घोषणा गरिएका सुविधा व्यवसायीले समयमै प्राप्त गर्न सकेनन् भने त्यसको व्यावहारिक अर्थ रहँदैन। विशेषगरी निर्यात प्रवर्द्धनका कार्यक्रमलाई कार्यान्वयनमुखी बनाउनुपर्छ। निर्यात गर्ने व्यवसायले आवश्यक प्रक्रिया पूरा गरेपछि पाउनुपर्ने सुविधा वा प्रोत्साहन प्राप्त गर्न लामो समय कुर्नुपर्ने अवस्था भए त्यसले व्यवसायको नगद प्रवाह र प्रतिस्पर्धी क्षमता प्रभावित गर्छ।

त्यसैले निर्यातसँग जोडिएका प्रोत्साहनलाई स्पष्ट मापदण्ड, सरल प्रक्रिया र समयसीमासहित कार्यान्वयन गर्नुपर्छ। कर छुट कति दिइयो भन्नेभन्दा त्यसबाट उत्पादन, रोजगारी र निर्यात कति बढ्यो भन्ने आधारमा नीतिको प्रभावकारिता मूल्यांकन गर्नुपर्छ।

विदेशस्थित नेपाली दूतावासलाई पनि नेपालको व्यापार र लगानी प्रवर्द्धनमा सक्रिय बनाउन सकिन्छ। दूतावासको भूमिका कूटनीतिक सम्पर्कमा मात्रै सीमित नराखी नेपाली वस्तु तथा सेवाका लागि बजार खोज्ने, विदेशी लगानीकर्तासँग सम्पर्क गराउने र निर्यातका अवसर पहिचान गर्ने दिशामा विस्तार गर्नुपर्छ।

**पर्यटन र सूचना-प्रविधिको सम्भावना**

नेपालको विकासका लागि कृषि र उद्योगलाई प्राथमिकता दिँदा पर्यटन तथा सूचना प्रविधिलाई बेवास्ता गर्न मिल्दैन। यी क्षेत्रले विदेशी मुद्रा आर्जन, रोजगारी र सेवा निर्यातमा योगदान गर्न सक्छन्। तर सम्भावनालाई आर्थिक परिणाममा बदल्न पूर्वाधार, गुणस्तर र बजार पहुँच आवश्यक हुन्छ।

पर्यटनमा नेपालको प्राकृतिक सौन्दर्य, हिमाल, सांस्कृतिक सम्पदा र विविध भूगोल प्रमुख आकर्षण हुन्। तर पर्यटकको संख्या बढाउनु मात्रै पर्याप्त हुँदैन। पर्यटकले कति खर्च गर्छन्, कति दिन बस्छन्, देशका कति स्थानमा पुग्छन् र स्थानीय अर्थतन्त्रमा कति योगदान पुऱ्याउँछन् भन्ने पनि महत्वपूर्ण हुन्छ।

नेपाल पर्यटन बोर्डले नियमित रूपमा पर्यटक आगमनसम्बन्धी तथ्यांक सार्वजनिक गर्दै आएको छ। यस्तो तथ्यांकलाई पर्यटकको खर्च, बसाइ अवधि र गन्तव्य अनुसारको विवरणसँग जोडेर पर्यटन नीतिको प्रभावकारिता मूल्यांकन गर्नुपर्छ।

पर्यटन पूर्वाधारलाई काठमाडौं र पोखरामा मात्र केन्द्रित राख्नु हुँदैन। लुम्बिनी, कोशी प्रदेश, सुदूरपश्चिम, कर्णाली र अन्य सम्भावनायुक्त क्षेत्रमा गन्तव्यअनुसार होटल, यातायात, पदमार्ग, सञ्चार, स्वास्थ्य सेवा र अन्य सुविधा विकास गर्न सकिन्छ। तर पूर्वाधार निर्माणअघि स्थानीय स्रोत, पर्यावरणीय संवेदनशीलता र बजारको वास्तविक मागलाई पनि ध्यान दिनुपर्छ।

पर्यटनको अर्को महत्त्वपूर्ण पक्ष राष्ट्रिय ध्वजावाहक हवाई सेवाको सुधार हो। नियमित, सुरक्षित र प्रतिस्पर्धी हवाई सेवा पर्यटनका लागि आवश्यक हुन्छ। राष्ट्रिय ध्वजावाहकको व्यवस्थापन, सञ्चालन र व्यावसायिक क्षमतामा सुधार गर्न सके त्यसले देशको पर्यटन तथा अन्तर्राष्ट्रिय सम्पर्कलाई सहयोग पुऱ्याउन सक्छ।

सूचना-प्रविधि पनि नेपालको अर्को सम्भावनायुक्त क्षेत्र हो। नेपाली युवामा सूचना प्रविधिसम्बन्धी सीप छ र विदेशका ग्राहकलाई सफ्टवेयर, डिजिटल सेवा तथा अन्य प्राविधिक सेवा उपलब्ध गराउने अवसर बढिरहेको छ। तर नेपालले विदेशी कम्पनीका लागि काम गर्ने तेस्रो पक्षका रूपमा मात्रै सीमित नभई आफ्नै कम्पनी र उत्पादनमार्फत प्रत्यक्ष अन्तर्राष्ट्रिय बजारमा प्रवेश गर्न सक्नुपर्छ।

त्यसका लागि कम्पनीको क्षमता, बौद्धिक सम्पत्ति, अन्तर्राष्ट्रिय भुक्तानी, बजार पहुँच र व्यावसायिक विस्तारलाई सहयोग गर्ने वातावरण चाहिन्छ। सूचना-प्रविधिको विकासले उच्च मूल्यको सेवा निर्यात बढाउन सक्छ, तर त्यसले कृषि र उद्योगको आवश्यकता समाप्त गर्दैन। अर्थतन्त्रका यी क्षेत्रलाई एकअर्काको पूरक बनाउनुपर्छ।

**विकासका लागि अनुशासन र जवाफदेही**

विकासका लागि सरकारको नीति र प्रशासनिक संयन्त्र मात्र बदल्नु पर्याप्त हुँदैन। नागरिक र व्यवसायीको व्यवहारमा पनि अनुशासन आवश्यक हुन्छ। सडकमा नियम पालना नगर्ने, सार्वजनिक स्थान अतिक्रमण गर्ने, कर छल्ने वा सार्वजनिक सम्पत्तिलाई निजी स्वार्थका लागि प्रयोग गर्ने व्यवहारले समग्र आर्थिक तथा सामाजिक व्यवस्थालाई कमजोर बनाउँछ।

कानुन कार्यान्वयन केही दिनका लागि मात्रै कडा हुने र त्यसपछि पुरानै अवस्था फर्किने हो भने सुधार दिगो हुँदैन। नियम सबैका लागि समान रूपमा लागू हुनुपर्छ। सार्वजनिक निकायको जवाफदेही र नागरिकको जिम्मेवारी एकअर्कासँग जोडिएका विषय हुन्।

सरकारले पारदर्शी र निष्पक्ष व्यवहार देखाउनुपर्छ भने नागरिक तथा व्यवसायीले पनि कानुन पालना गर्नुपर्छ। विकासका लागि कडा निर्णय आवश्यक पर्न सक्छ, तर त्यसको अर्थ निरंकुशता होइन। लोकतान्त्रिक संस्थाको सम्मान गर्दै स्पष्ट नियम, प्रभावकारी कार्यान्वयन र परिणामप्रतिको जवाफदेही स्थापित गर्नु नै दिगो बाटो हो।

**अबको बाटो**

नेपालको विकास सम्भव छ कि छैन भन्ने प्रश्नको उत्तर खोज्दा देशसँग के छैन भन्नेभन्दा के छ र त्यसलाई कसरी उपयोग गर्ने भन्नेमा केन्द्रित हुनुपर्छ। नेपालसँग कृषि उत्पादनको सम्भावना छ, जलस्रोत छ, पर्यटनका अथाह अवसर छन्, युवा जनशक्ति छ र उत्पादनमूलक उद्योग विस्तार गर्ने ठाउँ पनि छ। चुनौती यी सम्भावनालाई एकीकृत आर्थिक रणनीतिमा बदल्नु हो।

पहिलो प्राथमिकता कृषि उत्पादन बढाउने हुनुपर्छ। सिँचाइ विस्तार, जग्गाको चक्लाबन्दी, समयमै कृषि सामग्रीको उपलब्धता, आधुनिक प्रविधि र बजारको सुनिश्चिततामार्फत उत्पादन लागत घटाउन सकिन्छ।

दोस्रो प्राथमिकता औद्योगिकीकरण हुनुपर्छ। स्वदेशी कच्चा पदार्थको प्रयोग, कृषि प्रशोधन, औषधि उत्पादन र अन्य उत्पादनमूलक उद्योगलाई व्यवस्थित पूर्वाधार, स्पष्ट नियम र प्रतिस्पर्धी वातावरण उपलब्ध गराउनुपर्छ। उद्योगले कति उत्पादन बढायो, कति रोजगारी सिर्जना गऱ्यो र निर्यातमा कति योगदान दियो भन्ने आधारमा प्रगति मापन गर्नुपर्छ।

तेस्रो प्राथमिकता नीतिगत स्थिरता र प्रशासनिक सुधार हुनुपर्छ। सरकार परिवर्तन भए पनि दीर्घकालीन आर्थिक प्राथमिकता कायम रहनुपर्छ। कर्मचारीतन्त्रलाई सेवामुखी बनाउने, तजबिजी अधिकार घटाउने, कानुन निर्माणमा सरोकारवालाको सहभागिता सुनिश्चित गर्ने र निर्णयको समयसीमा तोक्ने व्यवस्था आवश्यक छ।

चौथो प्राथमिकता सरकार र निजी क्षेत्रबीच नियमित संवाद तथा सहकार्य हो। निजी क्षेत्रका समस्या सुन्ने, समाधानको जिम्मेवारी तोक्ने र कार्यान्वयनको प्रगति सार्वजनिक गर्ने संयन्त्र बनाउनुपर्छ। नीति घोषणा गरेर मात्रै पुग्दैन, त्यसको परिणाम देखिनुपर्छ।

अन्ततः नेपालको विकासको आधार कुनै एउटा क्षेत्र वा एउटा व्यक्तिको नेतृत्व मात्र हुन सक्दैन। कृषि, उद्योग, पर्यटन, सूचना प्रविधि र अन्य सेवाको विकाससँगै स्थिर नीति, सक्षम प्रशासन र जिम्मेवार निजी क्षेत्र आवश्यक हुन्छन्। यीमध्ये कुनै एउटा पक्ष कमजोर भयो भने समग्र आर्थिक विकासको गति प्रभावित हुन्छ।

नेपालको समस्या सम्भावनाको अभाव होइन, सम्भावनालाई उत्पादन र रोजगारीमा बदल्ने प्रणाली कमजोर हुनु हो। यो प्रणाली सुधार्न भाषण र घोषणाभन्दा कार्यान्वयन, व्यक्तिकेन्द्रित निर्णयभन्दा संस्थागत व्यवस्था र नियन्त्रणमुखी सोचभन्दा परिणाममुखी सहकार्य आवश्यक छ।

नेपालको विकास सम्भव छ। त्यसका लागि देशले कृषि र उद्योगलाई उत्पादनको आधार बनाउनुपर्छ, सेवा क्षेत्रलाई त्यसको पूरकका रूपमा विकास गर्नुपर्छ र सरकार तथा निजी क्षेत्रबीच विश्वासको सम्बन्ध स्थापित गर्नुपर्छ। स्थिर नीति, जिम्मेवार कर्मचारीतन्त्र र मापन गर्न सकिने आर्थिक लक्ष्यका साथ काम गर्न सकियो भने विकासमा क्रमशः परिणाम देखिनेछ। *-कान्तिपुर*

# अब बुढीगण्डकी जलविद्युत् आयोजना प्राधिकरण मोडलमा



१२ सय मेगावाटको जलाशययुक्त बुढीगण्डकी जलविद्युत् परियोजनालाई प्राधिकरण मोडलमा निर्माण गर्ने गरी कानुन बनाउन शुक्रबारको मन्त्रिपरिषद् बैठकले सैद्धान्तिक स्वीकृति दिएको छ । ऊर्जा मन्त्रालयको प्रस्तावमा 'बुढीगण्डकी विकास प्राधिकरण विधेयक' तयार गर्न मन्त्रिपरिषद्ले स्वीकृति दिएको हो ।

मन्त्रिपरिषद्को स्वीकृतिपछि मन्त्रालयले छुट्टै प्राधिकरणमार्फत बुढीगण्डकीलाई अघि बढाउन तयार गरेको अवधारणापत्रमा काम हुने भएको छ । ५३ वर्षअघि नै पहिचान भएको यो परियोजनालाई प्राधिकरण मोडलमा बनाउन 'बुढीगण्डकी जलविद्युत् कम्पनी लिमिटेड'ले अवधारणापत्र तयार गरेर ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमा पेस गरिसकेको छ । मन्त्रालयले त्यसलाई अन्तिम रूप दिएर शुक्रबारको मन्त्रिपरिषद्मा पेस गरेको थियो ।

राष्ट्रिय गौरवको आयोजनामा परेर पनि अलपत्र अवस्थामा रहेको बुढीगण्डकीलाई प्राधिकरण मोडलमा कसरी सञ्चालन गर्ने, संरचना के-कस्ता हुने भन्नेबारे अवधारणापत्र तयार छ । मन्त्रिपरिषद्ले स्वीकृति दिएकाले प्राधिकरण गठनका लागि छुट्टै ऐन बनाउन यही अवधारणापत्रअनुसार थप प्रक्रिया अघि बढाइने मन्त्रालयले जनाएको छ ।

यो परियोजनालाई स्वदेशी लगानी र कम्पनी मोडलमा बनाउने गरी १७ भदौ ०७९ मा 'बुढीगण्डकी जलविद्युत् कम्पनी लिमिटेड' नामक कम्पनी स्थापना गरिएको थियो । त्यसपछि कम्पनी मोडलमै परियोजना निर्माणपूर्वका काम अघि बढिरहेका छन् । तर, अब प्राधिकरण मोडलमा परियोजना बनाउन लागिएको हो । परियोजनाको संशोधित लागत अनुमान चार खर्बहाराहारी छ ।

कम्पनीका प्रमुख कार्यकारी अधिकृत अरूण रजौरियाले परियोजनालाई प्राधिकरण मोडलमा बनाउने गरी अवधारणापत्र तयार गरिएको बताए । 'परियोजनालाई प्राधिकरण मोडलमा बनाउने गरी अवधारणापत्र बोर्डबाट पारित गरेर ऊर्जा मन्त्रालय पठाएका छौं । त्यहाँबाट नै अवधारणापत्र मन्त्रिपरिषद्मा पेस भएको हो,' उनले भने, 'मन्त्रिपरिषद्बाट स्वीकृति प्राप्त भएकाले आगामी दिनमा ऐन निर्माणको काम अघि बढ्छ । यद्यपि, अहिले नै यसका लागि मस्यौदा लेखनको काम भने अघि बढिसकेको छ । अवधारणापत्र स्वीकृति भएकाले ऐन बनाउने काम द्रुत गतिमा अघि बढ्नेछ ।'

पहिलोपटक जलविद्युत् परियोजनालाई प्राधिकरण मोडलमा अघि बढाउन लागिएको हो । चालू आर्थिक वर्ष ०८३/८४ को बजेटमै सरकारले यो परियोजना प्राधिकरण मोडलमा बनाउने घोषणा गरेको थियो । '१२ सय मेगावाटको बुढीगण्डकी जलाशययुक्त आयोजना निर्माणका लागि अधिकार सम्पन्न प्राधिकरण मोडलमा निर्माण कार्य अघि बढाउनेछौं,' चालू आवको बजेट भाषणा गर्दै अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले बताएका थिए । त्यसपछि यसका लागि आवश्यक नीतिगत व्यवस्था गर्न लागिएको मन्त्रालयले जनाएको छ ।

पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले सुरुवातदेखि नै यो परियोजना प्राधिकरण मोडलमा बनाउन माग गर्दै आएका थिए । मन्त्रालयका प्रवक्ता मोहनकुमार शाक्यले अवधारणापत्रलाई मन्त्रिपरिषद्मा पेस गरेर विधेयक निर्माणको स्वीकृति प्राप्त भएको बताए । 'बुढीगण्डकीलाई प्राधिकरण मोडलमा निर्माण गर्न ऐन बनाउनुर्छ ।

ऐन बनाउनुअघि मन्त्रिपरिषद्ले त्यसको अवधारणापत्र स्वीकृति गर्नुपर्छ, जुन मन्त्रिपरिषद्मा पेस भई स्वीकृति प्राप्त भएको छ,' उनले भने, 'मन्त्रिपरिषद्ले स्वीकृति गरेकाले आगामी दिनमा ऐन निर्माणको काम अघि बढ्नेछ ।'

छुट्टै ऐनमार्फत प्राधिकरण मोडलमा काम गर्दा परियोजना स्वायत्त हुनेछ । नीतिगत निर्णयलगायत प्रयोजनका लागि मन्त्रालय तथा सरकारी निकाय धाउनुपर्ने बाध्यता हुनेछैन ।

ऊर्जा मन्त्रालयका प्रवक्ता मोहनकुमार शाक्य भन्छन्–छुट्टै ऐनमार्फत प्राधिकरण मोडल अपनाउँदा परियोजना स्वतन्त्र तथा स्वायत्त हुन्छ । यसमा मन्त्रालय तथा सरकारको इन्टरभेन्सन हुँदैन ।

# कालीगण्डकी करिडोर प्रसारणलाइन २१ दिनपछि सञ्चालनमा

काठमाडौं । गत ११ असोजको अविरल वर्षासँगै आएको बाढीपहिरो र कालीगण्डकी नदीको कटानका कारण क्षतिग्रस्त कालीगण्डकी करिडोर २२० केभी प्रसारणलाइनअन्तर्गतको म्याग्दीको दाना-राहुघाट खण्ड २१ दिनपछि पुनः सञ्चालनमा आएको छ।

नेपाल विद्युत् प्राधिकरणले आपतकालीन पुनर्स्थापना प्रणाली (इआरएस) टावर प्रयोग गरी उक्त खण्डलाई अस्थायी रूपमा सञ्चालनमा ल्याएको हो। शनिबार राति सवा १० बजे प्रसारणलाइनको २२० केभीको एउटा सर्किटलाई चार्ज गरी अस्थायी रूपमा सञ्चालनमा ल्याइएको प्राधिकरणले जनाएको छ।





बाढीले म्याग्दीको अन्नपूर्ण गाउँपालिका- ६, पोखरेबगरस्थित प्रसारणलाइनका चारवटा टावरमा क्षति पुर्‍याएको थियो। तीमध्ये टावर नम्बर २१, २३ र २४ पूर्ण रूपमा क्षतिग्रस्त भएका थिए भने टावर नम्बर २२ मा आंशिक क्षति पुगेको थियो। प्रसारणलाइन अवरूद्ध भएपछि दाना सबस्टेसनमार्फत राष्ट्रिय प्रसारण प्रणालीमा जोडिएका निजी क्षेत्रका पाँच जलविद्युत् आयोजनाबाट उत्पादित कुल १७० मेगावाट विद्युत् राष्ट्रिय प्रणालीमा प्रवाह हुन सकेको थिएन। लाइन सञ्चालनमा आएसँगै उक्त आयोजनाहरूबाट उत्पादित विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा पुनः जोडिएको छ।

प्राधिकरणको पोखरा ग्रिड महाशाखाका प्रमुख रोशन खड्काका अनुसार इआरएस टावरमार्फत प्रसारणलाइन सञ्चालनमा ल्याइएपछि बाढीले क्षति पुर्‍याएका टावरको स्थायी पुनर्निर्माण प्रक्रिया अगाडि बढाइएको छ। स्थायी टावर निर्माण सम्पन्न भएपछि प्रसारणलाइनको दाना-राहुघाटखण्ड नियमित अवस्थामा सञ्चालनमा आउनेछ।

कालीगण्डकी र यसका सहायक नदीमा निर्माण हुने जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत् एकीकृत गरी राष्ट्रिय प्रसारण प्रणालीमा प्रवाह गर्ने उद्देश्यले कालीगण्डकी करिडोर २२० केभी डबल सर्किट प्रसारणलाइन निर्माण गरिएको हो। म्याग्दीको अन्नपूर्ण गाउँपालिका- ३ स्थित दाना सबस्टेसनबाट सुरु भई पर्वत, बागलुङ, स्याङ्जा, पाल्पा र रूपन्देही हुँदै नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)को सुनवल नगरपालिका-१३ स्थित नयाँ बुटवल सबस्टेसनसम्म पुग्ने यस प्रसारणलाइनको कुल लम्बाइ करिब १३० किलोमिटर छ। प्रसारणलाइनले करिब एक हजार दुई सय मेगावाट विद्युत् प्रवाह गर्न सक्ने क्षमता राख्छ।

## खेलकुद

# नेपालमा विश्वकप छनोट प्लेअफ आयोजना हुने

नेपालले आगामी डिसेम्बर ४ देखि २१ सम्म आइसिसी पुरुष क्रिकेट विश्वकप छनोट प्लेअफ प्रतियोगिता आयोजना गर्ने भएको छ। नेपाल क्रिकेट संघ (क्यान)ले प्रतियोगिता नेपालमा सञ्चालन हुने जानकारी दिएको हो। प्रतियोगितामा आइसिसी विश्वकप लिग- २ का अन्तिम चार टोली तथा क्रिकेट विश्वकप च्यालेन्ज लिग 'ए' र 'बी' का शीर्ष दुई-दुई टोली गरी आठ टोलीले प्रतिस्पर्धा गर्नेछन्।

प्रतियोगिताको शीर्ष चारमा पर्ने टोलीले सन् २०२७ मा आयोजना हुने एकदिवसीय विश्वकप छनोट प्रतियोगितामा स्थान बनाउनेछन्। यससँगै नेपाललाई लगातार दोस्रोपटक एकदिवसीय विश्वकप छनोटमा पुग्ने अवसर प्राप्त हुनेछ।

नेपालमा छनोट प्लेअफ आयोजना हुने भएपछि नेपाल र भारत 'ए' बिचको प्रस्तावित क्रिकेट शृंखलाको पूर्वनिर्धारित तालिका प्रभावित भएको छ।

भारतीय क्रिकेट नियन्त्रण बोर्ड (बिसिसिआई) र क्यानबिचको आपसी समन्वय तथा सहमतिमा उक्त शृंखलाको नयाँ खेल तालिका तय गरिने क्यानका सचिव पारस खड्काले जानकारी दिएका छन्।

# एनपिएलका सबै खेललाई आइसिसीको मान्यता



नेपाल प्रिमियर लिग (एनपिएल)को तेस्रो संस्करणका सबै खेलले अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी)बाट आधिकारिक मान्यता पाएका छन्। नेपाल क्रिकेट संघ (क्यान)ले प्रेस विज्ञप्तिमार्फत प्रतियोगिताका सम्पूर्ण खेलले लिस्ट 'ए' टी- २० को मान्यता प्राप्त गरेको जनाएको हो।

आगामी अक्टोबर २६ देखि नोभेम्बर २१ सम्म सञ्चालन हुने प्रतियोगिता कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा आयोजना हुनेछ। प्रतियोगिताको आयोजना क्यानले गर्न लागेको हो।

क्यानका सचिव पारस खड्काले जारी गरेको विज्ञप्तिमा सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एसबिएल एनपिएल) का सबै खेलले आधिकारिक मान्यता प्राप्त गरेको उल्लेख छ। एनपिएलका सम्पूर्ण खेलले आइसिसीको मान्यता पाएसँगै नेपाली क्रिकेटको विकास, व्यावसायिकता र अन्तर्राष्ट्रिय पहिचान अभिवृद्धिमा थप योगदान पुग्ने क्यानले विश्वास लिएको छ।

प्रतियोगिताले नेपाली क्रिकेटको स्तर उकास्नुका साथै खेलाडीलाई आ□नो प्रतिभा प्रदर्शन गर्ने अवसर प्रदान गर्ने अपेक्षा गरिएको छ।

# कर्णाली याक्सले भित्र्यायो पाकिस्तानका हुसैन तलात

कर्णाली याक्सले तेस्रो नेपाल प्रिमियर लिग (एनपिएल)को लागि टेस्टराष्ट्र पाकिस्तानका हुसैन तलातलाई अनुबन्ध गरेको छ । क्लबले बिहीबार ३० वर्षीय अलराउन्डरलाई भित्र्याएको हो । लाहोरमा जन्मिएका तलातले सन् २०१८ देखि पाकिस्तानी राष्ट्रिय टिमबाट खेल्दै आएका छन् ।

तीव्र गतिका बलरले पाकिस्तानबाट २३ टी-२० आई खेल खेल्दा ४४१ रन बनाएका छन् । त्यस्तै, ६३ विकेट लिएका छन् । यसक्रममा दुई अर्धशतक बनाएका थिए ।

एकदिवसीयतर्फ १२ खेल खेल्दा २२४ रन बनाउनुका साथै ६२ विकेट लिएका छन् । लिस्ट ए मा भने १२५ खेल खेल्दा तीन हजार ७५४ रन बनाएका छन् । यस्तै, १४१ विकेट लिएका छन् ।

तलातको आगमनसँगै टिमको ब्याटर र बलिङ दुवै मजबुद भएको कर्णाली याक्स स्पोर्टस् प्रा.लि.का मालिक गृहेन्द्र घिमिरेले जानकारी गराएका छन् ।

उनले आगामी दिनमा दुई चर्चित क्रिकेटर अनुबन्ध गर्ने पनि बताए । 'पाकिस्तानी अलराउन्डरको आगमनसँगै हाम्रो टिमको ब्याटिङ र बलिङ दुबै पक्ष बलियो हुने विश्वास लिएका छौं,' उनले भने, 'आगामी दुई सम्भौतालाई पनि दर्शकले मन पराउनुहुनेछ भन्ने लाग्छ । कर्णाली याक्समा चर्चित अनुहार देख्न पाउनुहुनेछ ।'

पाकिस्तानी अलराउन्डर तेस्रो सिजनका लागि कर्णाली याक्समा अनुबन्ध हुने चौथो विदेशी खेलाडी हुन् । यसअघि बंगलादेशका युवा ब्याटर अरिफुल इस्लाम र अकबर अलीलाई कर्णालीले भित्र्याइसकेको छ । त्यस्तै, दोस्रो सिजनमा सानदार प्रदर्शन गरेको स्कटल्यान्डका अलराउन्डर मार्क वाट पनि टिममा अनुबन्ध भइसकेका छन् । वाटबाहेक तलाल, अरिफुल र अकबर तीनैजना पहिलोपटक एनपिएल खेल्दै छन् ।

कातिक ९ बाट सुरु हुने एनपिएलका लागि कर्णालीको मार्कीमा सोमपाल कामी छन् । यस्तै, राष्ट्रिय टिमबाट खेलिरहेका अलराउन्डर गुल्सन भा र बलर नन्दन यादव पनि कर्णालीमै छन् ।

यसबाहेक कर्णालीले कर्णाली प्रदेशकै विपिन शर्मा, युनिस विक्रम सिंह र दीपेन्द्र रावतसँगै पवन सर्राफ, युवराज खत्री, दीपक डुम्रे, सूर्य तामाङ, दिवान पुन र सचिन शर्मालाई अनुबन्ध गरेको छ ।

## ● सिटिजन्सले गर्‍यो तीन संस्थासँग छुट सम्झौता



सिटिजन्स बैंकका ग्राहकले तीन विभिन्न संस्थामा छुट पाउने भएका छन् । ग्राहकलाई छुट प्रदान गर्न बैंकले रामाडा एन्कोर काठमाडौं, होटेल हिमालयन होराइजन र पान्क बाइकसँग सम्झौता गरेको छ ।

सम्झौताअनुसार बैंकका कार्डवाहक, प्रिभिलेज कार्डवाहक र मोबाइल बैंकिङ ग्राहकले रामाडा एन्कोरमा खाना तथा पेयपदार्थ तथा स्पा सेवा लिँदा १५ प्रतिशत छुट प्राप्त गर्न सक्नेछन् ।

त्यसैगरी, होटेल हिमालयनमा बैंकका डेबिट कार्डवाहकलाई खाना तथा पेय पदार्थमा १० तथा क्रेडिक कार्डवाहकलाई १५ प्रतिशत छुट उपलब्ध गराइने समझदारीपत्रमा उल्लेख छ । त्यसैगरी, पान्क बाइकमा विद्युतीय तथा सामान्य साइकलमा १० प्रतिशत छुट हुने बताइएको छ ।

यस किसिमको सहकार्यबाट बैंकका ग्राहक लाभान्वित हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारतर्फ उत्प्रेरित हुने विश्वास बैंकले लिएको छ । डिजिटल कारोबार गर्दा पाइने छुटसम्बन्धी विस्तृत विवरण सिटिजन्स बैंकको वेबसाइटमा प्राप्त गर्न सकिनेछ ।

बैंकले देशभरका दुई सय शाखा, एक ६७ वटा एटिएम, तीन विस्तारित काउन्टर र ४२ शाखारहित बैंकिङ इकाइबाट बैंकिङ सेवा प्रदान गर्दै आएको छ ।

## ● कामना सेवा विकासद्वारा कोशी अस्पताललाई उपकरण सहयोग

कामना सेवा विकास बैंक लिमिटेडले कोशी अस्पताललाई सहयोग गरेको छ । बैंकले संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत शाखा कार्यालय विराटनगरमार्फत सो अस्पताललाई एक्वा पानी फिल्ट्रेसन सिस्टम तथा चिलर हस्तान्तरण गरेको हो । बैंकका कोशी प्रदेश प्रमुख खिमलाल भुसालले अस्पतालका कायममुकायम मेडिकल सुपरिटेन्डेन्ट डा. आलोक झा तथा अस्पतालका शाखा अधिकृत तिलोचन न्यौपानेलाई उपकरण हस्तान्तरण गरेका हुन् । सहयोग हस्तान्तरण कार्यक्रममा बैंकका कर्मचारी तथा कोशी अस्पतालका कर्मचारीको उपस्थिति थियो ।

## ● मुक्तिनाथ म्युचुअल फन्ड-२ को एकाइ बाँडफाँट

मुक्तिनाथ विकास बैंक कोष प्रवर्द्धक र मुक्तिनाथ क्यापिटल योजना व्यवस्थापक रहेको मुक्तिनाथ म्युचुअल फन्ड-२ को एकाइ बाँडफाँट भएको छ ।

फन्डले १ देखि ८ असोजसम्म प्रतिएकाइ १० रूपैयाँ अंकित मूल्यका १० करोड एकाइको बिक्री खुलाएको थियो । बिक्री अवधिभर मागभन्दा बढी आवेदन परेपछि योजनाको आकार २५ प्रतिशतले बढाएर १२ करोड ५० लाख एकाइ पुर्‍याइएको थियो ।

रितपूर्वक आवेदन दिएका आवेदकलाई सोही परिमाणमा एकाइ बाँडफाँट गरिएको क्यापिटलले जनाएको छ ।

## ● नबिल बैंकले सञ्चालनमा ल्यायो भर्चुअल क्रेडिट कार्ड

नबिल बैंक लिमिटेडले डिजिटल बैंकिङ अनुभवलाई थप सहज, सुरक्षित र आधुनिक बनाउन 'नबिल भर्चुअल क्रेडिट कार्ड' सञ्चालनमा ल्याएको छ । २९ असोजदेखि सुरु गरिएको भर्चुअल क्रेडिट कार्ड बैंकको एनबैंक एपमार्फत प्राप्त तथा प्रयोग गर्न सकिने बताइएको छ ।

बैंकका अनुसार ग्राहकले क्रेडिट कार्डका लागि कागजी प्रक्रिया तथा झन्झट व्यहोर्नुपर्नेछैन । बैंकको एनबैंक एपको होमपेजमा रहेको 'अपलाई नाउ' अप्सनमार्फत भर्चुअल क्रेडिट कार्डका लागि आवेदन दिन तथा प्राप्त गर्न सक्नेछन् । साथै, दैनिक आवश्यक विभिन्न डिजिटल कारोबारमा यसको प्रयोग गर्न सक्नेछन् । डिजिटल स्वरूपमा उपलब्ध यो क्रेडिट कार्ड ग्राहकलाई छिटो, सुरक्षित तथा झन्झटरहित रूपमा कर्जा सुविधा उपयोग गर्ने अवसर प्रदान गर्न डिजाइन गरिएको बैंकको भनाइ छ । यसमार्फत ग्राहकले मोबाइल बैंकिङ एपबाटै क्रेडिट कार्ड प्राप्त गरी दैनिक कारोबार सुरक्षित र सहज रूपमा गर्न सक्नेछन् ।

बैंकले आफ्नै डेटामा आधारित विश्लेषणात्मक प्रणालीमार्फत योग्य ग्राहकलाई पूर्वस्वीकृत गरिसकेको छ । योग्य ग्राहकले एपको होमपेजमा स्वचालित रूपमा 'अपलाई नाउ' अप्सन देख्न सक्नेछन् । भर्चुअल क्रेडिट कार्ड फोनपे मर्चेन्ट क्युआरमार्फत गरिने क्युआरमा आधारित भुक्तानीका लागि प्रयोग गर्न सकिनेछ । नबिल बैंकले 'नबिल भर्चुअल क्रेडिट कार्ड' नेपालको डिजिटल बैंकिङ यात्रामा एक महत्वपूर्ण उपलब्धिका रूपमा स्थापित हुने विश्वास लिएको छ ।

कर्पोरेट

## ● लक्ष्मी सन्राइज क्यापिटलको ५.३८ करोड नगद लाभांश पारित



लक्ष्मी सन्राइज क्यापिटल लिमिटेडको १६औँ वार्षिक साधारणसभा बिहीबार सम्पन्न भएको छ । सभाले चुक्ता पुँजीको ११ प्रतिशत अर्थात् ५.३८ करोड (करसहित) नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गरेको छ ।

साथै, सभाले आव ०८२/८३ को वार्षिक प्रतिवेदन, सोही अवधिको वासलात, नाफा-नोक्सान हिसाब, नगद प्रवाह विवरणसम्बन्धी प्रस्ताव पनि पारित गरेको छ । त्यस्तै, चालू आवका लागि लेखा परीक्षक र निजको पारिश्रमिकको पनि टुंगो लगाएको छ ।

कम्पनीले नेपालको धितोपत्र बजारको विकास, विस्तार तथा संस्थागत सुदृढीकरणमा महत्वपूर्ण योगदान पुर्‍याउँदै आएको छ । कम्पनीले करिब ६ अर्बबराबरका ६ वटा बन्दमुखी म्युचुअल फन्ड र एउटा खुलामुखी म्युचुअल फन्ड गरी करिब सात अर्बबराबरको सामूहिक लगानी कोष सञ्चालन गर्दै आएको छ ।

## ● 'निर्यातलाई प्रतिस्पर्धी बनाउन तत्काल तयारी थाल्नुपर्ने'

नेपाल अति कम विकसित मुलुक (एलडिसी)बाट विकासशीलमा स्तरोन्नति भएपछि निर्यात व्यापारमा आउन सक्ने चुनौतीको सामना गर्न अहिल्यै तयारी थाल्नुपर्ने सरोकारवालाले बताएका छन् । स्तरोन्नति भएपछि सिर्जना हुन सक्ने चुनौतीलाई अवसरमा रूपान्तरण गर्न सरकार र निजी क्षेत्रले तत्काले तयारी थाल्नुपर्नेमा व्यवसायी र विज्ञहरूले जोड दिएका हुन् ।

निर्यात व्यवसायी महासंघ नेपाल (फिन)को आयोजना तथा अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ) को सहयोगमा बिहीबार ललितपुरको कुपन्डोलस्थित होटेल हिमालयनमा आयोजित 'नेपालको एलडिसी स्तरोन्नति : निर्यातमुखी उद्यमका चुनौती र अवसर' विषयक राष्ट्रिय संवादमा सहभागी सरकारी अधिकारी तथा निजी क्षेत्रका प्रतिनिधिले यस्तो धारणा राखेका हुन् । कार्यक्रममा साउथ एसियन वाच अन ट्रेड, इकोनोमिक्स एन्ड इन्भाइरोन्मेन्टका कार्यकारी निर्देशक डा. पारस खरेलले 'एलडिसी स्तरोन्नति : निर्यातमुखी साना तथा मझौला उद्यमका अवसर, चुनौती र प्रभाव' विषयमा प्रस्तुति दिँदै अवसरको सदुपयोग र चुनौतीको सामना गर्न अहिल्यै तयारी गर्नुपर्ने बताए ।

अन्तर्राष्ट्रिय श्रम संगठनको एलडिसी स्तरोन्नति परियोजनाका राष्ट्रिय परियोजना संयोजक प्रकाश शर्माले स्तरोन्नतिलाई चुनौतीका रूपमा मात्र नभई अवसरका रूपमा लिनुपर्ने बताउँदै त्यसका लागि तयारी तत्काल सुरु गर्नुपर्ने धारणा राखे ।

## ● भूकम्पलक्षित 'क्याटास्ट्रोफी बन्ड'का लागि नेपाल र विश्व बैंकबिच सम्झौता



नेपालमा भूकम्पपछिको पुनर्स्थापना तथा पुनर्निर्माणमा शीघ्र स्रोत जुटाउने उद्देश्यसहित 'विपत क्याटास्ट्रोफी बन्ड' विकास गरिने भएको छ । यसका लागि नेपाल र विश्व बैंकले साझेदारी गर्ने भएका हुन् । भूकम्पीय जोखिम र यसबाट पर्न सक्ने हानि तथा नोक्सानीको सम्बोधनका लागि नेपालले शीघ्र वित्तीय स्रोत जुटाउन सकोस् भन्ने उद्देश्यले क्याटास्ट्रोफी बन्ड विकास गर्ने सम्बन्धमा नेपाल र विश्व बैंकबिच सम्झौता भएको छ । यस सम्झौतासँगै नेपालको समग्र विपत् जोखिम व्यवस्थापन रणनीतिलाई सहयोग पुर्‍याउन पुँजी बजारको उपयोग कसरी गर्न सकिन्छ भन्ने विषयको लेखाजोखा गर्ने सहकार्यको सुरुवात भएको छ ।

क्याटास्ट्रोफी बन्ड एक प्रकारको ऋणपत्र हो । खासगरी विपत् व्यवस्थापनमा शीघ्र स्रोत जुटाउन समस्या हुने गरेको छ । यस्तो वेला यस्ता ऋणपत्रको उपयोग गर्न उचित ठानिन्छ । सम्झौताअन्तर्गत विश्व बैंक समूहको ट्रेजरीले नेपाल सरकार र पुँजी बजारमा रहेका लगानीकर्तासँग सहकार्य गरी यस्तो क्याटास्ट्रोफी बन्ड विकास र जारी गर्न वित्तीय सम्भाव्यता र सम्भावित संरचनाको लेखाजोजा गर्नेछ ।

यो पहल विश्व बैंक समूहको स्थापित क्याटास्ट्रोफी बन्ड कार्यक्रमको एक हिस्सा हो । यस कार्यक्रमले विभिन्न देशलाई विपत्जन्य जोखिम हस्तान्तरण गर्न र प्राकृतिक प्रकोपविरुद्ध वित्तीय सुरक्षा सुनिश्चित गर्न अन्तर्राष्ट्रिय पुँजी बजारमा पहुँच पुर्‍याउन सहयोग गर्दै आएको छ ।

## ● चाडपर्वमा हुन सक्ने डिजिटल ठगीप्रति सचेत रहन राष्ट्र बैंकको आग्रह

नेपाल राष्ट्र बैंकले दसैंको समयमा डिजिटल माध्यमबाट हुन सक्ने ठगीप्रति सचेत रहन आग्रह गरेको छ। बैंकहरु बन्द हुने मौका छोपेर डिजिटल ठगहरु सक्रिय हुने र सानो असावधानीले बैंक खाता नै रित्तिन सक्ने भन्दै राष्ट्र बैंकले आफ्नो मिहिनेतको कमाइलाई सुरक्षित राख्न आग्रह गरेको हो।

दसैं अफर, उपहार वा बोनसको प्रलोभन देखाएर पठाइएका अपरिचित लिंकहरु नखोल्न आग्रह गर्दै केन्द्रीय बैंकले आफ्नो ओटिपी, युजरनेम, पासवर्ड वा पिनकोड कसैलाई नदिन भनेको छ। मोबाइल बैंकिङ वा बैंक खाता ब्लक भएको भन्दै आउने फोन तथा मेसेजलाई बेवास्ता गर्नसमेत आग्रह गरिएको छ।

अरूको क्युआर कोड स्क्यान गरेर पिन नहाल्न अनुरोध गर्दै राष्ट्र बैंकले भनेको छ, 'क्युआर कोड स्क्यान गर्ने भनेको पैसा तिर्नका लागि मात्र हो, पैसा प्राप्त गर्नका लागि होइन। कसैले पैसा दिन्छु भन्दैमा क्युआर कोड स्क्यान गरेर पिन नहाल्नुहोस्।'

डिजिटल ठगीमा परे वा शंकास्पद गतिविधि भेटेमा तुरुन्तै आफ्नो बैंकको ग्राहक सेवा सम्पर्क नम्बर वा नेपाल प्रहरीको साइबर ब्युरोमा सम्पर्क गर्न राष्ट्र बैंकले सबैको ध्यानाकर्षण गराएको छ।

## ● तीन हजारको सामान किन्दा सन्तमायालाई १० लाखको बम्पर उपहार

नुवाकोटकी सन्तमाया तामाङले तीन हजार रूपैयाँको सामान खरिद गर्दा १० लाख रूपैयाँको बम्पर पुरस्कार जितेकी छिन्। करदाता प्रोत्साहन उपहार कार्यक्रमअन्तर्गत उनले उक्त पुरस्कार जितेकी हुन्।

तामाङले नुवाकोटस्थित एक फेन्सी हाउसबाट तीन हजार रूपैयाँबराबरको सामान खरिद गरेकी थिइन्। सोही खरिदको बिल नम्बर ०८१६३२५१५८४९ बम्पर पुरस्कारका लागि छनोट भएको हो।

आइतबार काठमाडौंमा आयोजित कार्यक्रममा कलाकार दीपकराज गिरी र दीपाश्री निरौलाले बम्पर विजेताको नाम सार्वजनिक गरेका थिए। आन्तरिक राजस्व विभागका महानिर्देशक भीष्मकुमार भुसालका अनुसार गत असोज १६ देखि ३१ गतेसम्मको अवधिका १६ जना पाक्षिक विजेता र एकजना बम्पर विजेता घोषणा गरिएको हो।

बम्पर विजेता तामाङले १० लाख रूपैयाँ प्राप्त गर्नेछिन् भने अन्य १६ जना पाक्षिक विजेताले जनही एक लाख ३३ हजार ३३४ रूपैयाँ पुरस्कार पाउनेछन्।

सरकारले वस्तु तथा सेवा खरिद गर्दा बिलबिजक लिने र दिने संस्कृतिको विकास गर्दै आर्थिक कारोबारलाई पारदर्शी बनाउने उद्देश्यले करदाता प्रोत्साहन उपहार कार्यक्रम सञ्चालन गर्दै आएको छ। कार्यक्रममा सय रूपैयाँभन्दा बढी मूल्यको वस्तु वा सेवा खरिद गर्ने उपभोक्ताले सहभागिता जनाउन पाउने व्यवस्था छ।

यस कार्यक्रममार्फत उपभोक्तालाई खरिदको बिल लिन प्रोत्साहित गर्नुका साथै कर प्रणालीलाई थप पारदर्शी र व्यवस्थित बनाउने सरकारको लक्ष्य रहेको छ।

## ● कर्णाली याक्सको सहप्रायोजकमा एसियन पेन्ट्सको निरन्तरता

नेपाल प्रिमियर लिग (एनपिएल)को फ्रेन्चाइज टोली कर्णाली याक्स र एसियन पेन्ट्स नेपाल प्रालिबिच सहप्रायोजन सम्झौता भएको छ।

सम्झौतापत्रमा कर्णाली याक्सका क्रिकेट निर्देशक ज्ञानेन्द्र मल्ल र एसियन पेन्ट्स नेपालकी एसिसटेन्ट मार्केटिङ म्यानेजर आस्था सत्याले हस्ताक्षर गरे। यससँगै एसियन पेन्ट्स लगातार दोस्रो वर्ष कर्णाली याक्सको सहप्रायोजकका रूपमा जोडिएको छ।

सम्झौतापछि कर्णाली याक्सका क्रिकेट निर्देशक ज्ञानेन्द्र मल्लले एसियन पेन्ट्ससँगको निरन्तर सहकार्यले टोलीको यात्रालाई थप मजबुत बनाउने विश्वास व्यक्त गरे। एसियन पेन्ट्ससँगको सहकार्यले कर्णाली याक्सको मैदानभित्रको प्रतिस्पर्धात्मक यात्रासँगै टोलीको पहिचान र समर्थकसँगको सम्बन्धलाई पनि थप सुदृढ बनाउने अपेक्षा गरिएको छ। एनपिएलको तेस्रो संस्करण अक्टोबर २६ देखि सुरु हुँदै छ। प्रतियोगिताका लागि कर्णाली याक्सले विदेशी खेलाडीका रूपमा स्कटल्यान्डका मार्क वाट र बंगलादेशका अकबर अली र अरिफुल इस्लामलाई अनुबन्ध गरिसकेको छ।

कर्णाली याक्सको प्रमुख प्रायोजकमा एक्स्ट्रिम, हेडगेयर पार्टनरमा प्लम्बर पाइप, कन्सल्टेन्सी पार्टनरमा प्राइम कन्सल्टेन्सी एन्ड सर्भिसेज तथा प्रिमियम भिट्रिफाइड टायल्स पार्टनरमा प्राइम टाइल्स रहेका छन्।

## ● सामसङ ग्यालेक्सी ए१७ ५जी २४ महिनाको किस्ता योजनामा उपलब्ध

सामसङ मोबाइल नेपालले चाडपर्वको अवसरमा ग्यालेक्सी ए१७ ५जीका लागि २४ महिनाको किस्ताबन्दी (इएमआई) सुविधा ल्याएको छ। लामो समयसम्म किस्ता तिर्न पाइने भएकाले ग्राहकहरूलाई थोरै मासिक किस्तामा स्मार्टफोन किन्न सजिलो र सहज हुने कम्पनीले जनाएको छ।

ग्राहकहरूले मात्र एक हजार २२१ रुपैयाँबाट सुरु हुने २४ महिनाको इएमआई योजनामार्फत यो फोन खरिद गर्न सक्नेछन्। यसका साथै, ग्राहकहरूले आफ्नो पुरानो स्मार्टफोन साटेर तीन हजार रूपैयाँसम्मको एक्सचेन्ज बोनस प्राप्त गर्न सक्नेछन्, जसले गर्दा सुरुमा बुझाउनुपर्ने डाउन पेमेन्ट शून्य प्रतिशतसम्म घट्न सक्छ।

ग्यालेक्सी ए१७ ५जीको २४ महिनाको इएमआई योजना र यसका सर्तहरूबारे थप जानकारीका लागि ग्राहकहरूले नेपालभर रहेका सामसङका आधिकारिक स्टोर तथा रिटेल आउटलेटहरूमा सम्पर्क गर्न सक्नेछन्।

## ● एनटी फाइबरको सस्तो प्याकेजमा ग्राहकको आकर्षण, अब अनलाइनबाटै सेवा लिन सकिने

नेपाल टेलिकमको एनटी फाइबर सेवाअन्तर्गत सस्तो र उच्च गतिको इन्टरनेट प्याकेजप्रति ग्राहकको आकर्षण बढेको छ। हाले टेलिकमले चार हजार ९९९ रूपैयाँमै ३० एमबिपिएस गतिको वार्षिक प्याकेजसहित अन्य विभिन्न अफरहरु उपलब्ध गराएको छ।

नयाँ लाइन जडान तथा जानकारीका लागि टेलिकमको १९८ नम्बरमा चाप बढेपछि कम्पनीले अनलाइनमार्फत पनि सेवा अनुरोध र गुनासो दर्ता गर्न सकिने व्यवस्था गरेको छ।

इच्छुक ग्राहकले १९८ मा कल गरेर वा टेलिकमको अनलाइन प्रणालीमा आफ्नो मोबाइल नम्बर प्रयोग गरी लगइन गरेर नयाँ जडानका लागि विवरण पेस गर्न सक्नेछन्।

उक्त प्रणालीमार्फत इन्टरनेट सेवा जडानसम्बन्धी अनुरोध गर्नुका साथै सेवासँग सम्बन्धित अन्य गुनासोसमेत दर्ता गर्न सकिनेछ।

## प्रतिशोधको...

धनसम्पत्ति नष्ट भएको छ । बालेन सरकारले रसुवा बाढी पहिरोमा परेको जनताको उद्दार गर्न ढिलाई गरेकै कारण बाढी पहिरोमा ज्यान गुमाउनेहरूको संख्या बढेको हो । प्रधानमन्त्री बालेनले नै बाढी पहिरोमा परेका व्यक्तिहरूको उद्दारका लागि विश्वमै कुनै प्रविधि नरहेको उद्घोष गरेपछि त्यसको व्यापक विरोध भएको थियो । समयमै अन्तर्राष्ट्रिय जगतलाई विश्वास दिलाएर सहयोग लिएको भए टनेलमा फसेका व्यक्तिहरूले ज्यान गुमाउनु पर्ने थिएन ।

रास्वपा र बालेन सरकार बहुमतको दम्भमा रमाउन थालेको छ । राजदूत नियुक्ति देखि कर्मचारीतन्त्रमा समेत एकाधिकार प्रयोग गरेर आफ्नो दलगत स्वार्थ पूरा गर्न खोजिरहेको छ । रास्वपा र बालेन सरकारलाई हेक्का रहेकै हुनुपर्दछ, विगतमा पनि राजनीतिक दलहरूले एक्लाएक्लै बहुमत ल्याएका थिए तर उनीहरूले पुरा कार्यकाल सरकार सञ्चालन गर्न सकेनन् भन्ने ।

नेपाली कांग्रेसले राजनीतिक परिवर्तन पछि दुई पटक बहुमत पाएको थियो तर कांग्रेस नेतृत्वको सरकार दुवै पटक ढलेको थियो भने नेकपा एमाले र माओवादी केन्द्र मिलेर नेपाल कम्युनिष्ट पार्टी गठन भएको थियो त्यसबेला उनीहरूको समेत झण्डै दुई तिहाई मत रहेको थियो तर सो सरकार पनि सञ्चालन हुन सक्ने भने नेकपा एमाले र माओवादी केन्द्र फेरी अलग अलग भएका थिए । यसरी राजनीतिक परिवर्तनपछि आजसम्म पनि दलहरूले पुरा कार्यकाल राज्य सञ्चालन गर्न सकेका छैनन् वा थिएन ।

अहिले रास्वपा नेतृत्वको एकलौटी बालेन सरकार रहेको भएपनि प्रधानमन्त्री बालेन कै कारण सरकार ढल्न सक्छ । बहुदलीय व्यवस्थामा पार्टी नै सर्वेसर्वा हो । पार्टीले नै सरकारका काम कारबाहीको जस अपजसको भारी बोक्नुपर्ने हुन्छ । पछिल्लो समयमा सरकारले राजदूतका लागि सिफारिस गरिएका व्यक्तिहरूलाई रास्वपाकै बहुमत रहेको संसदीय सुनुवाई समितिबाट केहीलाई अस्वीकार गरिएको छ भने सरकार त्यस विषयमा अहिलेसम्म मौन रहेको छ । सरकारले गरेका राम्रा र नराम्रा कामको जिम्मेवारी पार्टीले लिनुपर्ने भएकाले अब रास्वपाले बालेन सरकारमाथि नियन्त्रण नगरेको खण्डमा त्यसको अपजसको भारी पार्टी र पार्टी नेतृत्वले नै बोक्नुपर्दछ ।

प्रतिशोधको राजनीतिले गर्दा दलहरु बीचमा बैमनुष्यता बढ्ने र त्यसको प्रत्यक्ष असर जनतामा पर्ने भएकाले समय छँदै रास्वपाले त्यस विषयमा गहन छलफल र बहस गरी सबै राजनीतिक दलहरूलाई साथमा लिएर अघि बढ्नुको कुनै विकल्प देखिँदैन । पुराना भनिएका दलहरूले अहिले सम्म रास्वपा नेतृत्वको बालेन सरकारलाई हेरौं र पर्खौ भन्ने रणनीति लिएको देखिन्छ । जनता भने महंगीको मारमा परेका छन् ।

जनताले पैसा तिरेर पनि आफूलाई आवश्यक पर्ने ग्यास लगायत अन्य सामाग्री सहज रूपमा पाउन सकेका छैनन् भने प्रधानमन्त्री बालेन भने स्टाटसमार्फत पुराना दलका नेता र कार्यहरूमाथि अनेक प्रकारका आरोप लगाउँदै प्रतिशोध साध्न उद्दत रहेका छन् । निजी क्षेत्रका सञ्चारमाध्यमलाई आर्थिक नाकाबन्दी लगाइएको छ । कर्मचारीतन्त्रमा हस्तक्षेप गरेर भाँडभैलो मच्चाउन थालिएको छ ।

जान्नेलाई छान्ने भन्ने दल रास्वपा सरकारले विभिन्न आरोपमा सलग्न भएकाहरूलाई धमाधम नियुक्ति दिन थालेको छ भने राजदूत नियुक्तिमा समेत दोषीलाई नियुक्ति गर्ने प्रयास गरिएकोमा रास्वपा कै बहुमत रहेको संसदीय सुनुवाई समितिबाट सरकारको सिफारिसलाई अस्वीकार गरेपछि पनि प्रधानमन्त्री बालेन भने मौन रहेर पुन विपक्षी दलका नेताहरूलाई गाली गलौजमा उत्रिएका छन् । यी सबै कार्यहरूले गर्दा रास्वपा र प्रधानन्त्री बालेनबीच टकराव पर्ने निश्चित जस्तै रहेको छ ।

## जान्नेलाई...

गिरी बहादुर सुनुवार र मलेसियाका लागि चुडामणि खरेललाई संसदीय सुनुवाई समितिले अस्वीकृत गरेको हो ।

यी दुवै जनता रास्वपाका वरिष्ठ नेता एवं प्रधानमन्त्री बालेन साहको पक्षबाट रहेकाले उनीहरूलाई पार्टी सभापतिको निकट रहेका संसदीय समितिका सदस्यहरूले जानीबुझिकन अस्वीकृत गरेको भन्दै पार्टीभित्रै मतभेद बढेको छ । होल्डमा राखिएका जापानका लागि प्रस्तावित राजदूत जिग्यान कुमार थापा भने सभामुख डोल प्रसाद अर्याल निकट रहेको रास्वपा सूत्रले जनाएको छ ।

प्रधानमन्त्री निकट समूहसँग जोडिएका सुनुवार र खरेल अस्वीकृतभएका हुनाले सभामुख अर्यालसँग जोडिएका जापानका लागि प्रस्तावित राजदूत थापालाई पनि अस्वीकार गर्न संसदीय सुनुवाई समितिलाई दवाव बढेको थियो रे । रास्वपाकै सांसदहरूले विवादित छवि भएका व्यक्तिहरूलाई सरकारले राजदूत जस्तो जिम्मेवार पदका लागि सिफारिस गर्नु नै गलत रहेकाले त्यस्तो गलत निर्णयलाई संसदीय सुनुवाई समितिले सच्चाएर सरकारको इज्जत बचाईदिएका बताएका छन् भने प्रधानमन्त्री साह निकट व्यक्तिहरु भने संसदीय सुनुवाई समितिमा रास्वपाको बहुमत हुँदाहुँदै पनि सरकारले सिफारिस गरेका व्यक्तिहरूलाई अस्वीकृत गरेर रास्वपाले सरकारलाई असहयोग गर्न खोजेको आरोप लगाएका छन् । सरूवा, बढुवा र नियुक्तिमा प्रधानमन्त्री निकट व्यक्तिहरु हावी भएकाले गर्दा सभापति रवि लामिछाने समेत सरकारप्रति असन्तुष्टि जनाउन थालेका हुनाले जान्नेलाई छान्ने भन्ने रास्वपा नेतृत्वको बालेन सरकार पनि संकटमा पर्न सक्ने सम्भावना बढेको छ त्यो पनि रास्वपाकै कारण ।

## राजदूत..

नेपालको नागरिक यस संविधान बमोजिम निर्वाचित, मनोनयन वा नियुक्ति हुने पदमा निर्वाचित मनोनित वा नियुक्तिका लागि योग्य हुनेछैन भन्ने उक्त धारामा लेखिएको छ । तर त्यस्तो विदेशको स्थायी आवासीय अनुमतिपत्र त्यागेको व्यक्तिलाई कम्तिमा तीन महिनाको अवधि व्यातित भएपछि त्यस्तो पदमा निर्वाचित, मनोनित वा नियुक्तिमा बाधा पर्ने छैन भने उल्लेख गरिएको छ । राजदूतको नियुक्ति संविधानको धारा २८२ मा राष्ट्रपतिले गर्ने व्यवस्था गरिएको छ । राष्ट्रपतिले समावेशी सिद्धान्तका आधारमा नेपाली राजदूत वा कुनै खास प्रयोजनका लागि विशेष प्रतिनिधि नियक्ति गर्न सक्नेछ भन्ने व्यवस्था गरिएको छ ।

राजदूत नियुक्ति सम्बन्धी निर्देशिकामा व्यवस्था भएनुसार परराष्ट्र मन्त्रालयले विभिन्न १३ देशका लागि राजदूतका लागि आवेदन मागेको थियो । निर्देशिकामा कस्तो व्यक्ति राजदूत हुनसक्छ भनेर योग्यता तय गरेको छ । निर्देशकाको बुँदा नं. ३ (६) मा राजदूत बन्न सक्ने व्यक्तिको योग्यताको सूची राखिएको छ । जस्मा विदेशी मुलुकको स्थायी/अस्थायी आवासीय अनुमतिपत्र वा सुविधा प्राप्त नगरेको भन्ने लेखिएको छ । विदेशी मुलुकको स्थायी वा अस्थायी आवासीय अनुमतिपत्रको सुविधा लिएर फिर्ता गरेका व्यक्तिको हकमा के हुन्छ भन्ने स्पष्ट व्यवस्था नगरेको हुनाले बालेन सरकारले त्यही विषयलाई आधार बनाएर थापालाई सिफारिस गरिएकोले त्यो विषय पेचिलो बन्दै गएको छ । विदेशको आवासीय सुविधा लिएर बसेका व्यक्तिलाई त्यही देशमा राजदूत नियुक्ति गर्नु कुनै हालतमा पनि उचित हुन सक्दैन । त्यहाँ स्वार्थ बाझिने प्रवल सम्भावना रहेको हुन्छ । त्यसैले गर्दा प्रस्तावित राजदूत थापालाई नियुक्ति गरिनु कुनै सर्तमा पनि उपर्युक्त देखिँदैन ।

## साल्टको...

छ।दाल, तेल, चिउरा, आँटा, मैदा र पिठोलगायत सामग्रीमा प्रतिकिलो सात रूपैयाँ छुट दिइएको छ। चामलमा प्रतिकिलो २५ देखि ३० रूपैयाँसम्म तथा मरिच, मसला र चियापत्तीमा पाँचदेखि १० रूपैयाँसम्म छुट उपलब्ध गराइएको प्रधानले बताए। अन्य सामग्रीमा पनि वस्तुअनुसार १० देखि १५ रूपैयाँसम्म छुट दिएर बिक्रीवितरण भइरहेको उनले जानकारी दिए । यसैबीच, पछिल्लो समय बजारमा खाना पकाउने ग्यासको उपलब्धतामा देखिएको असहजता कम हुँदै गएको कर्पोरेसनले जनाएको छ । सुपथ मूल्य पसलबाट ग्यास बिक्री सुरू गरेपछि उपभोक्ताले सहज रूपमा ग्यास पाउन थालेका छन्। यसअघि टोकन प्रणालीमार्फत वितरण गरिँदै आएको ग्यास अहिले सिलिन्डर लिएर आउने उपभोक्तालाई सहज रूपमा उपलब्ध गराउन थालिएको प्रधानले बताए ।

उनले आवश्यक खाद्यान्न तथा दैनिक उपभोग्य सामग्री खरिद गर्न साल्ट ट्रेडिङका विभिन्न बिक्री केन्द्रमा पुग्न आम उपभोक्तालाई आग्रह गरेका छन् । यसरी साल्टले नेपालीहरूको महान् चाडै विजयादशमी र शुभ दिपावलीको उपलक्ष्यमा आफ्ना उपभोक्तालाई सहज र सुलभ मूल्यमा खाद्यान्नलगायत ग्यास उपलब्ध गराएको हुनाले जनताले साल्टलाई धन्यवाद समेत दिएका छन् ।

## सरकारी...

हुने कर्मचारीहरूलाई इन्धन र मर्मत खर्चबापत एकमुष्ट रकम मासिक रूपमा बैंक खातामै पठाइनेछ । यसका लागि कर्मचारीले कार्यालयमा बिल वा लगबुक पेस गर्नु पर्नेछैन ।

वर्ग 'क' (मुख्यसचिव/सचिव) : वार्षिक इन्धन खर्च रू. १ लाख ४० हजार र वार्षिक मर्मत खर्च रू. १ लाख ।

वर्ग 'ख' (सहसचिव) : वार्षिक इन्धन खर्च रू. १ लाख २० हजार र मर्मत खर्च रू. ७५ हजार ।

वर्ग 'ग' (उपसचिव) : वार्षिक इन्धन खर्च रू. १ लाख र मर्मत खर्च रू. ५० हजार ।

वर्ग 'घ' (शाखा अधिकृत) : वार्षिक इन्धन खर्च रू. ४० हजार र मर्मत खर्च रू. १५ हजार । वर्ग 'ङ' (सहायकस्तर) : वार्षिक इन्धन खर्च रू. २५ हजार र मर्मत खर्च रू. १० हजार

निर्देशिकाले नेपालभित्रै एसेम्बिलङ भएका, स्वदेशमै उत्पादन भएका तथा विद्युतीय गाडी खरिद गर्न कर्मचारीलाई प्रोत्साहन गर्ने नीति लिएको छ। विद्युतीय सवारीका लागि नेपाल विद्युत् प्राधिकरणसँगको सहकार्यमा सरकारी कार्यालयहरूमा चार्जिङ स्टेसन निर्माण गरिने उल्लेख छ ।

सवारी कर्मचारीकै नाममा हुने, सरकारी गाडी लिलाम गरिने

यो योजना अन्तर्गत खरिद गरिएका सवारी साधन कर्मचारीकै नाममा दर्ता हुनेछन् र सरकारी सम्पत्ति मानिने छैन । कर्मचारीको देशभर जहाँ सरूवा भए पनि सोही सवारी लैजानुपर्नेछ ।

यो योजनामा सहभागी भएपछि कर्मचारीले सरकारी सवारी सुविधा (दोहोरो सुविधा) पाउने छैनन् । योजना लागू भएपछि कार्यालयहरूमा बढी हुने सरकारी सवारी साधनहरु अन्य अभाव भएका मन्त्रालय/निकायमा हस्तान्तरण गरिनेछ र बाँकी रहेका सवारी साधन लिलाम बढाबढ प्रक्रियामार्फत बिक्री गरिनेछ ।

योजनामा सहभागी नहुने उपसचिव र सोभन्दा मुनिका कर्मचारीहरूको हकमा भने कार्यालयको काममा सामूहिक प्रयोगका लागि 'पुल' सवारीको व्यवस्था गरिने र त्यस्ता सवारीमा जीपीएस तथा मोबाइल एप प्रणाली लागू गरिने निर्देशिकामा उल्लेख छ ।

## लुम्बिनी...

निवेदन दिएको अभियानको दाबी छ । त्यस्तै, तत्कालीन प्रहरी परिसर काठमाडौंले २०७६ पुस ४ गते चलानी नम्बर ४६४० मार्फत मागेको नागरिकतासम्बन्धी विवरण जिल्ला प्रशासन कार्यालयले अझै उपलब्ध नगराएको अभियानले जनाएको छ । अभियानले उक्त नियुक्तिले राष्ट्रिय स्वाधीनता, सार्वभौमसत्ता र राष्ट्रिय सुरक्षामाथि चुनौती खडा गरेको दाबी गर्दै निर्णय तत्काल रद्द गर्न सरकारसँग माग गरेको छ । माग सम्बोधन नभए बृहत् नागरिक आन्दोलन गर्न बाध्य हुने चेतावनी दिँदै अभियानले त्यसबाट उत्पन्न परिस्थितिको जिम्मेवारी सरकारले लिनुपर्ने जनाएको छ ।

## राष्ट्रिय...

मौलिक मूल्यलाई दृढ पार्नु जरूरी छ' विज्ञप्तिमा उल्लेख गरिएको छ । भोटेकोसी बाढीबाट क्षतिग्रस्त भएका भौतिक संरचनाहरूको पुनर्निर्माणका लागि बाह्य सहयोग लिँदा देशको स्वाभिमान र स्थानीय परम्परा जोगिने गरी कूटनैतिक चातुर्यता अपनाउन पनि उनले सुझाव दिएका छन् । 'नेपाल केवल भूगोल मात्र होइन, यो हाम्रो साझा इतिहास, आस्था, संस्कृति, परम्परा अनि चिनारी पनि हो,' उनले शुभकामना दिँदै भनेका छन्, 'मुलुक कठिन समयमा रहेकाले एक अर्कामा भाइचारा कायम राख्नु, एक क्षेत्रका नागरिकको पीडामा अर्को क्षेत्रका नागरिकले साथ दिनु र राष्ट्रिय हितलाई व्यक्तिगत स्वार्थभन्दा माथि राख्नु नै साँचो देशभक्ति हुन्छ।'

# रासायनिक मलमा बर्सेनि बढ्दै अनुदान, तर किसानलाई पाउन सधैं सकस

काडमाडौं । बर्सेनि कृषि बजेटको आधाभन्दा बढी हिस्सा रासायनिक मलको अनुदानमा खर्च भइरहे पनि किसानले मागेजति मल पाउन सकेका छैनन् । कृषि, वन तथा पर्यावरण मन्त्रालयको तथ्यांकअनुसार गत आव ०८२/८३ मा सबैभन्दा धेरै पाँच लाख ३८ हजार चार सय ३६ टन मल आयात भएको छ । तर, किसानले मलविनै असारे रोपाइँ सकेका छन् । अहिले धान गोडमेल गर्ने समयमा पनि किसानले मागेजति युरिया नपाएको गुनासो बढिरहेको छ । कृषिसचिव डा. राजेन्द्र मिश्रले बर्सेनि बजेट वृद्धि गरेर आयात परिमाण बढाउने काम भइरहेको बताए । उनले बिहीबारको कृषि तथा प्राकतिक स्रोत समिति बैठकमा गत आवमा सबैभन्दा धेरै मल ल्याउँदा अनुदानबापत पनि ठुलो रकम खर्च भएको जानकारी दिए । 'गत आवमा रासायनिक मलमा मात्रै ३९ अर्ब ७५ करोड १५ लाख रूपैयाँ खर्च भएको छ,' उनले भने, 'अन्तर्राष्ट्रिय बजारमा रासायनिक मलको मूल्य बढेकाले खरिद लागत बढ्न गई अनुदानबापत प्रवाह गर्नुपर्ने बजेट पनि बढेको हो ।' चालू आव ०८३/८४ मा पनि सरकारले पाँच लाख ५० हजार टन मल खरिद गर्ने लक्ष्य राखेर ३२ अर्ब ४६ करोड रूपैयाँ विनियोजन गरेको छ ।

महालेखा परीक्षकको कार्यालयका अनुसार रासायनिक मलतर्फको अनुदान बर्सेनि बढिरहेको छ । महालेखाको प्रतिवेदनमा उल्लेख भएअनुसार आव ०८१/८२ मा चार लाख ८७ हजार टन मल खरिदका लागि २६ अर्ब ८१ करोड ९८ लाख रूपैयाँ अनुदान खर्च भएको थियो । त्यस्तै, आव ०८०/८१ मा चार लाख ६० हजार सात सय १९ टन मल खरिदका लागि २४ अर्ब ३४ करोड ५३ लाख रूपैयाँ अनुदान खर्च भएको थियो । आव ०७९/८० मा चार लाख ६० हजार सात सय १९ टन मल खरिद गर्दा ३१ अर्ब २० करोड ५३ लाख र आव ०७८/७९ मा एक लाख ७७ हजार पाँच सय २३ टन मल खरिद गर्दा १६ अर्ब ६१ करोड ५९ लाख रूपैयाँ अनुदान खर्च भएको थियो । महालेखाले बर्सेनि जारी गरेको प्रतिवेदनमा ठुलो रकम अनुदानबापत खर्चेर पनि मल आपूर्ति, बिक्री-वितरण र व्यवस्थापनको समस्या सुधार नभएको उल्लेख गर्ने गरेको छ । 'मल खरिद कारबाही समयमा नहुँदा आपूर्ति, बिक्री-वितरण र व्यवस्थापन कार्यमा समस्या देखिएको छ । तसर्थ, समयमै वार्षिक क्यालेन्डर स्वीकृत गरी खरिद प्रक्रिया अवलम्बन गर्ने, अन्तर्राष्ट्रिय बजारमा मलको मूल्यमा घटबढ भएको अवस्थामा मूल्य समायोजन गरी भुक्तानी दिने एवं मल बिक्री-वितरणको प्रभावकारी अनुगमन गरी रासायनकि मल खरिद तथा बिक्री-वितरणको कार्य व्यवस्थित गर्नुपर्छ,' महालेखाको पछिल्लो प्रतिवेदनमा भनिएकोछ ।

कृषिसचिव डा. मिश्रले भने नियमित रूपमा टेन्डर गरेर मल आपूर्ति बढाउने र अभाव नहुने गरी वितरणको व्यवस्था गर्ने काम भइरहेको दाबी गरे । 'अन्तर्राष्ट्रिय द्वन्द्वका कारण जहाजको आवतजावतमा ढिलाइ भएन भने समयमै हामी मल पाउँछौं । त्यसपछि नियमित रूपमा किसानको मागअनुसार वितरण गर्ने कार्यतालिका छ,' उनले भने । भारतसँगको जिटुजी प्रक्रियामार्फत टेन्डर भएको २५ हजार टन डिएपी विभिन्न नाकामार्फत प्राप्त गर्ने काम भइरहेको उनले जानकारी दिए । यसबाहेक दुई लाख ४० हजार टन मल खरिदका लागि टेन्डरसमेत भइसकेको उनले जानकारी दिए ।

नेपालमा रासायनिक मल कारखाना स्थापना भएपछि उत्पादित मलको खरिद सुनिश्चितताका लागि आवश्यक कानुनी तथा नीतिगत व्यवस्था पहिचान गर्न कृषि, वन तथा पर्यावरण मन्त्रालयले अध्ययन कार्यदल गठन गरेको छ । कृषि मन्त्रालयका सहसचिव रामकृष्ण श्रेष्ठको संयोजकत्वमा कृषि, अर्थ, उद्योग तथा ऊर्जा मन्त्रालय र सार्वजनिक खरिद अनुगमन कार्यालयका विज्ञहरु सम्मिलित कार्यदल गठन भएको हो ।

## विद्यादेवी...

गरिएको छ । फोरममा संयुक्त राष्ट्रसंघ केन्द्रित अन्तरराष्ट्रिय प्रणालीको संरक्षण, विश्व शान्ति र शान्ति स्थापना कार्यमा आवश्यक पर्ने सुधार, बहुपक्षीयताको प्रवर्द्धन, अन्तरराष्ट्रिय सम्बन्धमा विकासशील मुलुकको बढ्दो भूमिका तथा अन्तरराष्ट्रिय व्यापारमा 'ग्लोबल साउथ'का मुलुकको भूमिकालगायतका विषयमा छलफल हुनेछ ।

त्यसैगरी सो सम्मेलनमा जलवायु परिवर्तन र यसको असर, हरित तथा न्यून कार्वन विकास, दिगो विकास, कृत्रिम बौद्धिकता र साइबर स्पेस लगायतका विषयमा पनि बहस हुने बताइएको छ । पूर्वराष्ट्रपतिसमेत रहेकी भण्डारी आगामी सोमबार स्वदेश फर्किने कार्यक्रम रहेको छ ।

धर्म, संस्कृति र परम्परालाई सम्मान गरौ

❖ चाडपर्व मनाउँदा अनावश्यक तडक-भडक नगरौं,
❖ चाडपर्व सभ्य, शिष्ट र मर्यादित रुपमा मनाऔं,
❖ धार्मिक, सांस्कृतिक संस्कारलाई निरन्तरता दिऔं,
❖ एक अर्काको चाडपर्वप्रति सम्मान गरौं ।

सामाजिक सद्भाव र सहिष्णुता कायम गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल • कार्यालय : बुद्धनगर, काठमाडौं • फोन : ४७९०२९५, मो. : ९८४१२५४८८५ • इमेल : devendrachudal@gmail.com • मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार